काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**
धेरैले एआईलाई सबै समस्याको एउटै समाधानका रूपमा हेर्छन् ।

**समाचार**
विद्युत्को समस्या समाधान गर्न मोरङका उद्योगीको माग




चैत २० गतेदेखि १४औं साग हुने

पाकिस्तानको इस्लामाबादमा दक्षिण एसियाली ओलम्पिक काउन्सिल (एसएओसी) को दुई दिने बैठकले यसै वर्षको अन्तमा १४औं साग गर्ने निर्णय गरेको छ ।


वर्ष १८, अंक १०६, पृष्ठ ८, सोमबार, ८ भदौ २०८३, श्रावण शुक्लपक्ष द्वादशी, Monday, 24 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

## छोरीहरू कहिलेसम्म असुरक्षित ?

गरिमा चौधरीको मृत्युले एउटा परिवारको मात्र काख रित्तिएको छैन, यसले हाम्रो समाजको विवेकमाथि गम्भीर प्रश्न उठाएको छ। एउटी बालिकाको मृत्युले केवल एउटा घरको दियो निभाएको होइन, हाम्रो सामाजिक चेतनाको अन्धकार पनि देखाइदिएको छ।



शोभा ज्ञवाली




एउटा समाजको भविष्य आमाको काखमा हुर्किरहेका बालबालिकाको आँखामा देखिन्छ। विडम्बना ! हाम्रो काखमा रहेका अबोध छोरीहरू आफन्तबाटै सुरक्षित छैनन् । तीन वर्षकी छोरी गरिमा चौधरीको बलात्कारपछि हत्या भएको दर्दनाक घटनापछि हामी अवाक् भएका छौं। जताततै निर्मम प्रश्न उठेका छन्- हामीले अबोध छोरीहरूलाई कस्तो समाज दिइरहेका छौं र अर्की गरिमा जन्मिनुअघि त्यो समाज बदल्न हामी तयार छौं कि छैनौं ? प्रश्न एउटा परिवारको पीडामा मात्र सीमित छैन, राज्यको संवेदना, समाजको चेतना र हाम्रो मानवतासम्म यो प्रश्न टड्कारो भएर उभिएको छ।

पृष्ठ ४
नानी गरिमालाई सम्झिँदा
सरकार ! गरिमा जोगाऊ

यो घटना हाम्रो समाजका लागि नयाँ होइन। इतिहासका पानादेखि आजको दिनसम्म, हाम्रा छोरीहरूले कति पटक आफ्नो जीवनको मूल्य चुकाउनुपरेको छ, त्यसको हिसाब सायद हामीसँग छैन। एउटी छोरीको मृत्युको खबर आउँछ, केही दिन समाज आक्रोशित हुन्छ, सामाजिक सञ्जालका भित्ताहरू शोक र प्रश्नले भरिन्छन् अनि समयसँगै सबै कुरा सेलाउँदै जान्छ। तर एउटा आमाको काख कहाँ सेलाउँछ र ? एउटा परिवारको घाउ कहाँ पुरिन्छ र ?

तीन वर्षकी ती अबोध बालिका, जसले आफूलाई के भइरहेको छ भनेर बुझ्न सक्दिनन्, आफ्नो पीडा शब्दमा व्यक्त गर्न सक्दिनन्, प्रतिकार गर्न सक्दिनन्, उनीमाथि भएको अन्याय सम्झिँदा मन थाम्नै सकिँदैन। हे भगवान् ! ती नानीको के दोष थियो ? एउटी निर्दोष बालिकाले यो संसारमा जन्मिनुबाहेक के अपराध गरेकी थिइन् ? उनको आँखामा सायद संसार अझै नयाँ थियो। उनको चेतनामा दुःख र हिंसाको अर्थसमेत जन्मिएको थिएन। तर हामीले बनाएको यही समाजले उनको निर्दोष बाल्यकाललाई समेत सुरक्षित राख्न सकेन।

गरिमा चौधरीको मृत्युले एउटा परिवारको मात्र काख रित्तिएको छैन, यसले हाम्रो समाजको विवेकमाथि गम्भीर प्रश्न उठाएको छ। एउटी बालिकाको मृत्युले केवल एउटा घरको दियो निभाएको होइन, हाम्रो सामाजिक चेतनाको अन्धकार पनि देखाइदिएको छ। त्यसैले प्रश्न गरिमाले न्याय पाइन् कि पाइनन् भन्नेमा मात्र सीमित छैन। वास्तविक प्रश्न यो हो- हाम्रो समाजले न्याय गर्न सिक्यो कि सिकेन ? राज्यले आफ्ना छोरीहरूको पीडा सुन्न सिक्यो कि सिकेन ? हामीले एउटी छोरीको मृत्युबाट अर्की छोरीको जीवन जोगाउने पाठ सिक्यौं कि सिकेनौं ?

गरिमाको नाममा मूर्ति बनाउनु, श्रद्धाञ्जली दिनु वा केही दिन सामाजिक सञ्जालमा आवाज उठाउनु मात्र न्याय होइन। न्याय भनेको दोषीलाई कानुनको कठघरामा उभ्याउनु हो। न्याय भनेको पीडित परिवारले आफ्नो बच्चा गुमाउनुको पीडा राज्यले गम्भीरतापूर्वक स्वीकार गर्नु हो। न्याय भनेको आँसु पुछिदिने औपचारिकता मात्र होइन, आँसुको कारण बनेको संरचनालाई बदल्नु हो। न्याय भनेको फेरि अर्की गरिमाले त्यही नियति भोग्न नपरोस् भनेर प्रणाली बदल्नु हो।

हामी कहिलेसम्म एउटी छोरी गुमाएपछि केही दिन आक्रोश व्यक्त गर्ने र त्यसपछि सबै कुरा बिर्सने ? कहिलेसम्म पीडितको फोटो राखेर श्रद्धाञ्जली दिने तर अपराधको जरो उखेल्न नसक्ने ? गरिमाको नाममा एउटा मूर्ति बनाइयो, फूल चढाइयो, भाषण गरियो तर अर्की गरिमा सुरक्षित हुन सकिनन् भने त्यो मूर्ति हाम्रो सफलताको स्मारक होइन, हाम्रो असफलताको प्रतीक हुने छ। त्यो न्यायको प्रतीक हुने छैन, हाम्रो सामूहिक विवेकमाथिको प्रश्न बनेर उभिने छ।

झन् ठुलो प्रश्न छ- छोरीहरू नै किन बारम्बार निसानामा पर्छन् ? छोरी आमाको गर्भमै रहेको थाहा पाएपछि उनलाई जन्मिन नदिने सोचदेखि लिएर जन्मिसकेपछि हुने विभेद, हिंसा, यौन दुर्व्यवहार र हत्यासम्मको मानसिकता कहाँबाट आयो ? आमाको गर्भमा छोरी भएकै कारण उसको जीवनको अधिकार खोस्ने सोच र जन्मिसकेपछि उसैलाई असुरक्षित बनाउने व्यवहारबिच हामीले कस्तो समाज निर्माण गरिरहेका छौं ? जन्मिनुअघि छोरीको अस्तित्वमाथि प्रश्न गर्ने समाज र जन्मिसकेपछि उसको सुरक्षाको जिम्मेवारीबाट पन्छिने समाजबिच आखिर फरक के रह्यो ?

हाम्रा बालिकालाई कहिलेकाहीं आफ्नै वरिपरिका मानिसबाट खतरा हुन्छ भन्ने वास्तविकताले झन् पिरोल्छ। घरबाहिरको संसार मात्र होइन, कहिलेकाहीं घरभित्रैको परिचित अनुहार पनि भयको कारण बन्न पुग्छ। आफन्त, चिनजानका व्यक्ति वा विश्वास गरिएका मानिसबाट हुने अपराधका घटनाले परिवारभित्रै सुरक्षा र सचेतनाको प्रश्न उठाउँछ।

बाँकी पृष्ठ ३

## नयाँ ऐनमा समान शैक्षिक अधिकारको माग



रूबी रौनियार

*काठमाडौं, भदौ ७*

अब बन्ने विद्यालय शिक्षा ऐन विद्यार्थी केन्द्रित, बालमैत्री तथा अभिभावकको विश्वास जित्ने खालको हुनुपर्नेमा जोड दिइएको छ। सामुदायिक विद्यालयमा मात्र नभई निजी विद्यालयमा अध्ययनरत बालबालिकाको शिक्षाको दायित्व पनि राज्यले नै लिनुपर्ने सुझाव उनीहरूले दिएका हुन्। सरकारले ५५ वर्षपछि ल्याउन लागेको विद्यालय शिक्षा ऐनका सन्दर्भमा आइतबार काठमाडौंमा आयोजित 'विद्यालय शिक्षा विधेयकको मस्यौदा तयारी गृहकार्य : विद्यालय व्यवस्थापन तथा पाठ्यक्रम व्यवस्थापन' विषयक परामर्श गोष्ठीको आयोजना गरिएको थियो।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा सम्पन्न गोष्ठीमा हालै मन्त्रालयले सातै प्रदेशमा सञ्चालन गरेको शिक्षा नीति संवादबाट प्राप्त सुझाव तथा निष्कर्ष प्रस्तुत गर्दै सरोकारवालासँग छलफल गरेको थियो। मन्त्रालयले विद्यालय शिक्षा सञ्चालन तथा व्यवस्थापनका लागि शिक्षा विधेयकको मस्यौदा तयार गरिरहेको र त्यसैका सन्दर्भमा गोष्ठीका आयोजना गरिएको मन्त्री पोखरेलका प्रमुख सल्लाहकार शैलेन्द्र झाले बताए। गोष्ठीका सहभागीहरूले राज्यले सबै बालबालिकालाई निःशुल्क शिक्षाको पहुँच सुनिश्चित गर्नुपर्ने, शिक्षक-कर्मचारीको सेवासुविधा कानुनमै स्पष्ट गर्नुपर्ने तथा संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी र दायित्व स्पष्ट हुनुपर्ने धारणा राखेका थिए।

सामुदायिक विद्यालय व्यवस्थापन महासंघका अध्यक्ष काशीनाथ दंगालले अबको विद्यालय शिक्षा ऐन विद्यार्थीको मन जित्ने र अभिभावकको विश्वास बढाउने खालको हुनुपर्नेमा जोड दिए। 'बालबालिकाको मन र अभिभावकको विश्वास जित्ने शिक्षा ऐन आवश्यक छ,' उनले भने, 'विद्यार्थीलाई विद्यालय जाऊँजाऊँ लाग्ने वातावरण बनाउने शिक्षा ऐन राज्यले बनाउनुपर्छ। स्कुल घर र घर स्कुलजस्तो बन्नुपर्छ।' हालको विधेयकमा सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाका लागि मात्र अनिवार्य तथा निःशुल्क भन्ने व्यवस्था रहेको उल्लेख गर्दै उनले निजी विद्यालयमा अध्ययनरत बालबालिकालाई पनि राज्यको दायित्वभित्र समेट्नुपर्नेमा जोड दिए।

'निजी विद्यालयमा पढ्ने बालबालिका पनि यही राज्यका नागरिक हुन्,' दंगालले भने, 'त्यसैले निजी र सामुदायिक दुवै क्षेत्रमा अध्ययनरत बालबालिकाको निःशुल्क शिक्षासम्बन्धी दायित्व राज्यले कसरी पूरा गर्ने भन्ने स्पष्ट व्यवस्था विद्यालय शिक्षा ऐनमै हुनुपर्छ।' उनले विद्यालयले अभिभावकलाई विद्यार्थीको गुनासो सुनाउन वा शुल्क माग्न मात्र नभई विद्यालयको शैक्षिक गुणस्तर सुधारमा साझेदार बनाउनुपर्ने बताए। अभिभावकको अर्थपूर्ण सहभागितालाई पनि ऐनले सुनिश्चित गर्नुपर्ने उनको भनाइ थियो।

निजी विद्यालयहरूको छाता संगठन प्याब्सनका अध्यक्ष कृष्णप्रसाद अधिकारीले नयाँ विद्यालय शिक्षा ऐन निजी विद्यालय, विद्यार्थी र लगानीमैत्री हुनुपर्ने बताए। सरकारले बजेटमार्फत लगाएको ३ प्रतिशत शिक्षा समता कर खारेज गरी निजी शिक्षा क्षेत्रमा राहत दिएको उल्लेख गर्दै उनले लगानी सुरक्षाको स्पष्ट प्रत्याभूति ऐनमा हुनुपर्ने माग गरे। अधिकारीका अनुसार निजी विद्यालयहरूले करिब सात खर्ब रुपैयाँ लगानी गरेका छन् र ठुलो संख्यामा जनशक्तिलाई रोजगारी दिएका छन्।

> बालबालिकाको मन जित्ने र अभिभावकको विश्वास बढाउने गरी विद्यालय शिक्षा ऐन बनाउनुपर्नेमा सरोकारवालाको जोड

निजी क्षेत्रले ठुलो संख्यामा विद्यार्थीको शैक्षिक जिम्मेवारी सम्हालिरहेको दाबी गर्दै अधिकारीले राज्यले निजी शिक्षालाई नियमनसँगै संरक्षणको दृष्टिकोणबाट पनि हेर्नुपर्नेमा जोड दिए। अधिकारीले हालको १० प्रतिशत छात्रवृत्तिको व्यवस्थालाई पुनरवलोकन गरी लक्षित वर्गसम्म प्रभावकारी रूपमा पुग्ने व्यवस्था गर्न सुझाव दिए। विद्यालयले प्रदान गर्ने सेवा र सुविधाका आधारमा वैज्ञानिक ढंगबाट शुल्क निर्धारण गर्ने स्पष्ट कानुनी व्यवस्था आवश्यक रहेको पनि उनको भनाइ थियो।

नेपाल नगरपालिका संघका अध्यक्ष भीम ढुंगानाले संविधानले व्यवस्था गरेको अनिवार्य तथा निःशुल्क शिक्षालाई व्यवहारमा कार्यान्वयन गर्न पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याए। 'निःशुल्क शिक्षा कानुनमा मात्र सीमित भएर हुँदैन,' उनले भने, 'त्यसका लागि आर्थिक स्रोतको स्पष्ट व्यवस्था हुनुपर्छ।' उनले धादिङको नीलकण्ठ नगरपालिकाले स्थानीय स्रोत परिचालन गरी निःशुल्क शिक्षाको अभ्यास गरिरहेको उदाहरण दिँदै देशभर यस्तो व्यवस्था विस्तार गर्न संघीय सरकारले आवश्यक आर्थिक आधार तयार गर्नुपर्ने बताए।

बाँकी पृष्ठ २

## के गर्दै छन् 'मौन' मन्त्री ?

भुवन शर्मा

*काठमाडौं, भदौ ७*




सार्वजनिक रूपमै अब नबोल्ने, चुप बस्ने घोषणा गरेका विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्री महावीर पुनले मन्त्रालयको कार्यभार समालेको ७५ दिन पूरा भयो। यस अवधिमा उनले नेपालस्थित विभिन्न चार देशका राजदूतसँग भेट गरेका छन भने पाँच वटा कानुनको मस्यौदा तयार पारेका छन्। यसैगरी उनले मन्त्रालयको दरबन्दी संरचना (ओएनएम सर्भे) को काम पूरा गरेका छन्।

सरकारले पुनले समालिरहेको मन्त्रालयका लागि चालु आर्थिक वर्ष २०८३/८४ का लागि करिब चार अर्ब रकम छुट्याएको छ। पुनले पदभार ग्रहण गर्नेबित्तिकै उनले सरकारको कार्यकाल पाँच वर्ष भए पनि आफू तीन वर्षसम्म मात्र काम गर्ने घोषणा गरेका थिए।

बालेन्द्र शाह प्रधानमन्त्री भएको करिब डेढ महिनापछि सरकारले संघीय मन्त्रालय संख्या २२ बाट घटाएर १८ मा झार्ने निर्णय गरेको थियो। गत वैशाख ३० गते बसेको मन्त्रिपरिषद् बैठकले 'नेपाल सरकार (कार्यविभाजन) नियमावली २०८३' स्वीकृत गरेको थियो। जसअनुसार विज्ञान,

> चार राजदूतसँग भेटवार्ता, पाँच ऐनको मस्यौदा तयार, ओएनएमको काम सम्पन्न

प्रविधि र आविष्कारलाई प्राथमिकता दिँदै साबिकको शिक्षा मन्त्रालयबाट विज्ञान-प्रविधिसम्बन्धी कार्यक्षेत्रलाई अलग गरी 'विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालय' गठन गरिएको थियो। छुट्टै मन्त्रालय गठन भएको २६ दिनपछि उनी त्यहाँ मन्त्री नियुक्त भएका थिए। त्यसबेलासम्म उक्त मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री शाहले नै लिएका थिए।

बाँकी पृष्ठ २

## इन्टरनेटको पहुँच विस्तारमा सरकार



मधुजंग पाण्डे

*काठमाडौं, भदौ ७*

हरेक कामलाई डिजिटलमैत्री बनाउने अभियानसहित अघि बढिरहेको सरकारले आगामी पाँच वर्षभित्र मुलुकभर उच्च गुणस्तरको ब्रोडब्यान्डको इन्टरनेट विस्तार गर्ने भएको छ। 'एकीकृत दूरसञ्चार नीति २०८३'को मस्यौदा सार्वजनिक गर्ने क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले देशभर ब्रोडब्यान्ड इन्टरनेटको पहुँच बढाउने, शुल्क घटाउने र डिजिटल नेपालको लक्ष्य हासिल गर्ने उद्देश्यका साथ तीव गतिमा काम अघि बढाएको जानकारी दिएको हो।

मस्यौदामा न्यूनतम ५० एमबिपिएसको ब्रोडब्यान्ड इन्टरनेट ८० प्रतिशत जनसंख्यामा पुऱ्याउने उल्लेख छ। सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति २०५९, दूरसञ्चार नीति २०६०, ब्रोडब्यान्ड नीति २०७१ र सूचना तथा सञ्चार प्रविधि नीति २०७२ लाई एकीकृत गर्ने प्रस्ताव पनि त्यसमा गरिएको छ। यसैगरी स्याटेलाइट नीति २०७७, राष्ट्रिय साइबर सुरक्षा नीति २०८०, दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी) नीति २०८० र राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति २०८२ को कार्यान्वयनलाई समेत सहज र प्रभावकारी बनाउने लक्ष्य उल्लेख

> न्यूनतम ५० एमबिपिएस इन्टरनेटको गति ८० प्रतिशत जनसंख्यामा पुऱ्याउने लक्ष्य

छ। त्यसका लागि सरकारले एकीकृत दूरसञ्चार नीति स्वीकृत गरेपछिको १० वर्षमा ९८ प्रतिशत जनसंख्यामा उच्च गुणस्तरको ब्रोडब्यान्डको इन्टरनेट पुऱ्याउने लक्ष्य राखेको छ।

प्राधिकरणका अनुसार हाल मुलुकभर सञ्चालित इन्टरनेट फिक्स्ड ब्रोडब्यान्डको हिस्सा जम्मा ११.३२ प्रतिशत मात्र छ। यसबाहेक वायरलेस ब्रोडब्यान्ड ०.११ प्रतिशत छ।

बाँकी पृष्ठ २

## औषधि प्रभावहीन, बलिझँदै मलेरिया

श्रीराम सुवेदी

*काठमाडौं, भदौ ७*

मलेरियाविरुद्धका औषधिले कम प्रभाव देखाउन थालेको सन्दर्भमा वैज्ञानिकहरूले यसको कारण पत्ता लगाएका छन्। मलेरियाका परजीवीमा भएका नयाँ आनुवंशिक परिवर्तन (उत्परिवर्तन) यसका लागि जिम्मेवार भएको वैज्ञानिक निचोड छ।

अमेरिकाको ब्राउन विश्वविद्यालयका वैज्ञानिकको नेतृत्वमा गरिएको अध्ययनले युगान्डामा मलेरियाबाट संक्रमित सयौं मानिसको रगतबाट लिइएका मलेरिया गराउने परजीवीको सम्पूर्ण आनुवंशिक संरचना (होल जिनोम) अध्ययन गरेको थियो। जिनोम भनेको कुनै जीवभित्र

> औषधिमा प्रभाव घटाउने पाँच आनुवंशिकको पहिचान, तीन प्रमुख औषधिको प्रभाव घट्दा युगान्डामा मलेरियाको तीव्र फैलावट

रहेको सम्पूर्ण आनुवंशिक जानकारी हो, जसले उक्त जीवका गुण र व्यवहार निर्धारण गर्छ। वैज्ञानिकहरूले केही मलेरिया परजीवीमा देखिएका आनुवंशिक परिवर्तनका



कारण अफ्रिका र अमेरिकामा मलेरिया उपचारका लागि सबैभन्दा बढी प्रयोग हुने औषधिप्रतिको संवेदनशीलता घटेको पत्ता लगाएका छन्। उक्त अध्ययनको नतिजा 'नेचर मेडिसिन' जर्नलमा हालै प्रकाशित भएको हो।

'यी नयाँ आनुवंशिक परिवर्तन निकै छिटो फैलिरहेको देखिनु चिन्ताजनक छ। यसले ती परिवर्तनहरू परजीवी बाँच्न महत्त्वपूर्ण रहेको संकेत गर्छ,' अध्ययनका लेखक तथा ब्राउन विश्वविद्यालयका सहप्राध्यापक डा. जेफ्री बेलीले उक्त विश्वविद्यालयद्वारा प्रकाशित एक विज्ञप्तिमा भनेका छन्। बेलीका अनुसार अझै पनि विशेष गरी सबसहारा अफ्रिका क्षेत्रमा ठुलो संख्यामा मानिसको मृत्युको कारण मलेरिया रहेको छ।

बाँकी पृष्ठ २

# इन्टरनेटको पहुँच विस्तारमा सरकार

पृष्ठ १ बाट

प्राधिकरणको तथ्यांकअनुसार हाल ३५ लाख ४३ हजार जनसंख्यामा मात्र ब्रोडब्यान्डको पहुँच पुगेको छ। यसबाहेक मोबाइल ब्रोडब्यान्डको पहुँच भने ८८ प्रतिशत जनसंख्यामा पुगेको देखिन्छ। मोबाइल ब्रोडब्यान्डको पहुँच दुई करोड ७७ लाख ३१ हजार जनसंख्यासम्म पुगेको छ। यसैगरी हाल नेपालमा सञ्चालन भइरहेका फोर-जी सेवाको गुणस्तर सहरी क्षेत्रमा २० एमबिपिएस र ग्रामीण भेगमा १० एमबिपिएसको डाउनलोड गतिको हुनुपर्ने व्यवस्था 'दूरसञ्चार सेवाको गुणस्तरसम्बन्धी विनियमावली २०७९' ले गरेको छ। यही विनियमावलीबमोजिम सरकारले देशभर इन्टरनेटको गुणस्तर बढाउन लागेको प्राधिकरणले जनाएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले फोरजीको स्पिड बढाएर वा फाइभजीमा गएर ब्रोडब्यान्डको गुणस्तर बढाउन सकिने व्यवस्था नयाँ नीतिमा गर्न खोजिएको जानकारी गराए। उनले फिक्स्ड ब्रोडब्यान्डमा चाहेको गति दिन समस्या नहुने तर मोबाइल ब्रोडब्यान्डका लागि भने पूर्वाधार विस्तार र प्रविधिमा नै अपग्रेड गर्नुपर्ने भएकाले प्राधिकरणले सोहीअनुसारको तयारी अघि बढाउने बताए। प्राधिकरणका अनुसार यस नयाँ दूरसञ्चार नीतिले इन्टरनेट सेवाको गुणस्तर बढाउने र ब्रोडब्यान्ड सेवा ९८ प्रतिशत जनसंख्यामा पुऱ्याउने लक्ष्य लिएको छ।

हाल संसारभर उच्च माग भई अत्यावश्यक सेवाका रूपमा लिइएको इनटरनेटको गुणस्तर बढाई सरकारले दूरसञ्चार प्रविधिका फाइदालाई आम उपभोक्तासमक्ष समयमै पुऱ्याउन नवीनतम, उन्नत एवं वैकल्पिक प्रविधिहरूमध्ये फाइभ-जीको व्यावसायिक परीक्षणमा प्रोत्साहन गर्ने नीतिसमेत लिएको छ। यसका लागि दूरसञ्चार प्राधिकरणले सेवाप्रदायकबाट फाइभ-जीको कार्ययोजना माग गरिसकेको जनाएको छ। सेवा प्रदायकले दिने कार्ययोजनाअनुसार नै दूरसञ्चार प्राधिकरणले फाइभजीका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने प्राधिकरणको भनाइ छ। इन्टरनेटको पहुँच देशभरका हरेक नागरिकसम्म पुऱ्याउने लक्ष्य लिएको प्राधिकरणले तयार पारेको नयाँ दूरसञ्चार नीति कार्यान्वयनमा आएपछि उपभोक्ताले सेवाप्रदायक छनोट गर्ने अवसर पाउने छन्। यो सेवा प्राधिकरणले दूरसञ्चार नीति २०८३ जारी भएको तीन वर्षभित्र उपलब्ध गराउने भएको छ। यसले मुलुकमा दूरसञ्चार सेवाको पहुँच र प्रयोग थप बढ्ने प्राधिकरणको दाबी छ।

सरकारले सेवा प्रदायकको सहजीकरणका लागि न्यूनतम २० प्रतिशत स्वदेशी सहभागिता हुनुपर्ने गरी दूरसञ्चार क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्ने यस्तो नीति पनि लिएको छ। त्यसका लागि ६ महिनाभित्र स्वदेशी तथा विदेशी लगानीसम्बन्धी कानुनी व्यवस्था गर्ने सरकारको लक्ष्य छ। प्राधिकरणले तयार पारेको यस नयाँ दूरसञ्चार नीति स्वीकृत भएपछि दूरसञ्चार नीति २०६०, ब्रोडब्यान्ड नीति २०७१ र सूचना तथा सञ्चार प्रविधि नीति २०७२ खारेज हुने छन्। विगतका नीतिले निर्धारण गरेका केही लक्ष्य हासिल भइसकेकाले नयाँ लक्ष्य तोकेर सार्वजनिक गरिएको यस नीतिलाई समयसापेक्ष बनाउन मस्यौदा तयार गरिएको प्राधिकरणले जनाएको छ। प्राधिकरणले नवीनतम प्रविधिबाट सिर्जित अवसरलाई आम उपभोक्तासम्म पुऱ्याउन नयाँ नीति आवश्यक भएको बताएको छ।

मस्यौदामा नेपालको डिजिटल रूपान्तरणलाई विस्तार गर्ने, दैनिक जीवन सहज बनाउने, समावेशी आर्थिक वृद्धिलाई प्रोत्साहन गर्ने तथा सबै नागरिकलाई डिजिटल अवसरमा समान पहुँच सुनिश्चित गर्ने लक्ष्य समेटिएको छ। यसले उद्योग, पर्यटन, शिक्षालगायत क्षेत्रको उत्पादकत्व वृद्धिमा समेत महत्त्वपूर्ण भूमिका खेल्ने प्राधिकरणको दाबी छ।

# नयाँ ऐनमा समान शैक्षिक अधिकारको माग

पृष्ठ १ बाट

ढुंगानाले विद्यालय शिक्षाको कक्षा १२ सम्मको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई संविधानले दिए पनि शिक्षक दरबन्दी र प्रशासनिक अधिकारमा पर्याप्त स्पष्टता तथा स्वायत्तता नभएको गुनासो गरे। 'कक्षा १२ सम्म विद्यालय सञ्चालनको जिम्मेवारी स्थानीय तहलाई दिइएको छ तर त्यसअनुसार शिक्षक दरबन्दी र स्रोतसाधनको व्यवस्था गरिएको छैन,' उनले भने, 'संघीयताको मर्मअनुसार स्थानीय तहको अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्नुपर्छ।'

गाउँपालिका राष्ट्रिय महासंघ नेपालकी सचिव पार्वती सुनुवारले २०२८ सालको शिक्षा ऐनका आधारमा विद्यालय शिक्षा सञ्चालन हुँदै आएकाले अहिलेको आवश्यकता सम्बोधन गर्न कठिनाइ भएको बताइन्। उनले दुर्गम तथा ग्रामीण क्षेत्रका धेरै विद्यालय अझै पनि पर्याप्त भवन, खानेपानी, शौचालय, फर्निचर र आवश्यक शैक्षिक सामग्रीको अभावमा सञ्चालन भइरहेको उल्लेख गरिन्। 'कक्षा १२ सम्म विद्यालय सञ्चालन भइरहेका छन् तर त्यसअनुसार शिक्षक दरबन्दी छैन,' उनले भनिन्, 'अबको शिक्षा ऐनले कक्षा १२ सम्म आवश्यक शिक्षक दरबन्दीको स्पष्ट व्यवस्था गर्नुपर्छ।' शिक्षक सेवा आयोगलाई थप प्रभावकारी र सक्षम बनाउने व्यवस्था पनि नयाँ ऐनमा हुनुपर्ने उनको भनाइ थियो।

नेपाल राष्ट्रिय अभिभावक संघका प्रतिनिधि कोषबहादुर जिसीले विद्यालय शिक्षा ऐनमा अभिभावकको सहभागिताबारे स्पष्ट व्यवस्था हुनुपर्ने तथा पाठ्यक्रमलाई रोजगारमूलक र जीवनोपयोगी बनाउनुपर्ने सुझाव दिए। शिक्षाविद् विद्यानाथ कोइरालाले सातै प्रदेशमा गरिएको शिक्षा नीति संवादका क्रममा शिक्षक नियुक्ति, स्थायित्व, बढुवा, प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मका शिक्षक तथा कर्मचारी व्यवस्थापन, प्राविधिक शिक्षा र विद्यालय संरचनासम्बन्धी विभिन्न विषय उठेको बताए। 'विद्यालय शिक्षाको गुणस्तरको स्पष्ट खाका र भविष्यको दिशानिर्देश गर्ने ऐन आवश्यक छ,' उनले भने, 'विद्यार्थी प्रविधिमैत्री भइरहेका छन्। अब शिक्षकलाई कसरी प्रविधिमैत्री बनाउने भन्ने स्पष्ट दृष्टिकोण पनि ऐन र त्यसपछिका नीतिमा हुनुपर्छ।'

शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले नयाँ ऐन विद्यार्थी र शिक्षकमैत्री हुनुपर्ने धारणा राखे। महासंघले आफ्ना सुझाव मन्त्रालयमा बुझाइसकेको उल्लेख गर्दै उनले ती मागलाई विधेयकमा समेट्न आग्रह गरे। शिक्षामन्त्री पोखरेलका प्रमुख सल्लाहकार शैलेन्द्र झाले सातै प्रदेशमा सञ्चालन गरिएको शिक्षा संवादबाट प्राप्त सुझावलाई समेटेर संघीय संसद्को हिउँदे अधिवेशनअघि विद्यालय शिक्षा ऐन ल्याउने तयारी भइरहेको बताए।

शिक्षामन्त्री पोखरेलले विद्यालय शिक्षा विधेयक निर्माणलाई सरकारको प्रमुख प्राथमिकतामा राखिएको बताए। सरोकारवालाबाट प्राप्त सुझावलाई दस्तावेजीकरण गरी विधेयकलाई अन्तिम रूप दिने काम भइरहेको उनको भनाइ थियो। 'विद्यार्थीमैत्री विद्यालय शिक्षा विधेयक निर्माणका क्रममा सरोकारवालाका सुझावलाई समेटेर छिट्टै ऐन ल्याउने प्रयासमा मन्त्रालय लागेको छ,' मन्त्री पोखरेलले भने। उनले गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षामा पर्याप्त लगानी आवश्यक रहेको उल्लेख गर्दै अन्तर्राष्ट्रिय अभ्यासअनुसार शिक्षा क्षेत्रमा कुल बजेटको करिब २० प्रतिशत लगानी गर्नुपर्ने भए पनि नेपालका लागि त्यो लक्ष्य हासिल गर्नु चुनौतीपूर्ण रहेको बताए। 'हाल शिक्षा क्षेत्रमा विनियोजित बजेटको ७० प्रतिशत हिस्सा स्थानीय तहमा जाने गरेको छ,' मन्त्री पोखरेलले भने, 'विराटनगरबाट सुरु भएको शिक्षा संवाद सुदूरपश्चिमको धनगढीसम्म सम्पन्न भएको छ। त्यहाँबाट प्राप्त सुझावका आधारमा सबै पक्षलाई स्वीकार्य हुने विद्यालय शिक्षा ऐन ल्याउने तयारी भइरहेको छ।'

५५ वर्ष पुरानो शिक्षा ऐनलाई विस्थापित गर्दै नयाँ संघीय संरचना, बदलिँदो शैक्षिक आवश्यकता, प्रविधि, शिक्षक व्यवस्थापन र विद्यालयको गुणस्तर सुधारलाई सम्बोधन गर्ने अपेक्षासहित सरकारले नयाँ विद्यालय शिक्षा ऐन ल्याउने तयारी गरेको हो। सरोकारवालाहरूले भने नयाँ ऐन केवल प्रशासनिक व्यवस्थापनको दस्ताबेज नभई बालबालिकालाई विद्यालयप्रति आकर्षित गर्ने, अभिभावकलाई विश्वास दिलाउने र निजी तथा सामुदायिक दुवै क्षेत्रका विद्यार्थीको शैक्षिक अधिकार सुनिश्चित गर्ने शिक्षा ऐन बन्नुपर्नेमा जोड दिएका छन्।

# के गर्दै छन् 'मौन' मन्त्री ?

पृष्ठ १ बाट

पुन मन्त्रीमा नियुक्त भएपछि उक्त मन्त्रालय सिंहदरबार परिसरभित्र साबिकको युवा तथा खेलकुद मन्त्रालय रहेको भवनमा सरेको छ। मन्त्री पुनले आफ्नो निवास पनि यही भवनमा बनाएका छन्। अर्थात् मन्त्रालयमै उनको आवास र भोजन व्यवस्था छ। मन्त्री पुनले पुनले दिनरात काम गर्न आफूले मन्त्रालयमै निवास बनाएको बताउने गरेका छन्।

कार्यभार समालेपछि उनले सञ्चारकर्मीसँग मन्त्री पुनले सरकारको कामको गति अघि बढाउने बताएका थिए। त्यसैले यस अवधिमा मन्त्री पुनले के के काम गरे भन्ने सबैको चासो हुने गरेको छ। 'छोटो अवधिमा हामीले धेरै काम गरेका छौं। सबैभन्दा पहिले मन्त्रालयको स्थापना गऱ्यौं। कानुन बनेको थिएन। पाँच वटा कानुनको मस्यौदा तयार गऱ्यौं। ओएनएम सर्भे गऱ्यौं,' उक्त मन्त्रालयकी सहसचिव मोनिका झाले भनिन्, 'देखिने गरी काम गरेको भन्दा पनि नदेखिने गरी धेरै काम भएका छन्।'

मन्त्रालय चलाउन २२ कर्मचारी

मन्त्रालयकी सहसचिव झाका अनुसार हाल २२ कर्मचारीले मात्र उक्त मन्त्रालय चलाएका छन्। यद्यपि उक्त मन्त्रालयमा कर्मचारी दरबन्दी संख्या ९० छ। हाल उक्त मन्त्रालयमा सचिव दीनानाथ मिश्र तथा मन्त्री पुनको स्वकीय सचिवमा सञ्जय पौडेल नियुक्त भएका छन्। सचिवसरह एक विज्ञ नियुक्त गर्न सक्ने व्यवस्था कार्यविधिमा भए पनि पुनले उक्त पदमा कसैलाई नियुक्त गरेका छैनन्। उक्त मन्त्रालयको प्रवक्तामा शैलेशकुमार झा तथा सूचना अधिकारीमा अमित आचार्य नियुक्त भएका छन्।

सरकारले छुट्याएको चार अर्ब विज्ञान प्रविधि ऐन, नियमावली, कार्यविधि तथा मापदण्ड बन्न नसक्दा उक्त रुपैयाँ अझै खर्च हुन नसकेको मन्त्रालयकी सहसचिव झाले जानकारी दिइन्। हाल ऐन, कार्यविधि, मापदण्ड तथा नियमावली बनाउने काम भइरहेको उनले बताइन्। हाल उक्त मन्त्रालयमातहतमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट), विधि विज्ञान प्रयोगशाला तथा बिपी कोइराला वेदशाला छन्। मन्त्रालयले आफ्नो मातहतमा अब जल तथा मौसम विज्ञान विभागबाट मौसम विभाग, गुणस्तर तथा नापतौल विभागबाट नापतौल विभाग, भूमापन केन्द्र तथा खाद्य गुणस्तर परीक्षण गर्न प्रयोगशालासम्बन्धी कार्यालय राख्न गृहकार्य गरिरहेको छ।

झाका अनुसार मन्त्रालयले हाल पाँच वटा ऐनको मस्यौदा तयार गरेको छ। विज्ञान प्रविधि तथा नव प्रवर्तन ऐन, नेपाल विज्ञान प्रविधि प्रज्ञा प्रतिष्ठान पुनसंरचना गर्न ऐन, रासायनिक पदार्थ ऐन, वेदशाला ऐन तथा साइन्स तथा टेक्नोलोजी तथा अन्तरिक्षसम्बन्धी अध्ययन गर्ने उद्देश्यबाट साइन्स तथा टेक्नोलोजी ऐनका मस्यौदा तयार भएका छन्। यसैगरी उक्त मन्त्रालयले विश्वविद्यालयमा स्थापना गरिएका अध्ययन-अनुसन्धान केन्द्रलाई सक्रिय बनाउने तयारी गरिरहेको छ।

**चार राजदूतसँग मन्त्रीको भेट**

मन्त्रालयको कार्यभार समालेयता मन्त्री पुनले नेपालस्थित विभिन्न चार देशका राजदूतसँग भेट गरेका छन्। उक्त भेटघाटको फोटो मन्त्रालयको वेबसाइटमा समेत राखिएको छ। गत असार २९ गते इजरायलका राजदूत स्मुली आरिया बास, साउन ५ गत कोरियाका राजदुत पार्क टी योङ, असार १० गते चीनका राजदूत सी चाङ माओमिङ तथा असार २१ गते जर्मनका राजदूत उडो इगुन भोल्जसँग मन्त्री पुनले भेटवार्ता गरेका थिए।

# औषधि प्रभावहीन...

पृष्ठ १ बाट

औषधि प्रतिरोध बढ्दै गएको अवस्थामा मलेरिया नियन्त्रण कार्यक्रम कमजोर हुने र धेरै मानिसको ज्यान जाने जोखिम रहन्छ।

**औषधिले किन काम गर्न छोड्छ ?**

औषधिको प्रतिरोधी क्षमता सामान्यतया ब्याक्टेरिया, भाइरस वा परजीवीबाट हुने रोगको उपचारका लागि औषधि ठुलो स्तरमा प्रयोग गर्दा विकसित हुन्छ। मलेरियाको उपचारमा अफ्रिकामा ठुलो मात्रामा औषधि प्रयोग हुने भएकाले केही परजीवीमा यस्ता आनुवंशिक परिवर्तनको विकास भएको हुन्छ, जसले औषधिको प्रभावबाट उनीहरूलाई बचाउन मद्दत गर्छ।

डा. बेलीका अनुसार त्यसैले वैज्ञानिकहरू रोग फैलाउने जीवमा हुने यस्ता परिवर्तन र औषधिको प्रभावकारिता समयसँगै निगरानी गर्ने प्रणाली विकासमा जुटेका छन्। ब्राउन विश्वविद्यालयको अनुसन्धान टोलीले डिएनएको अध्ययन गरेर मलेरिया परजीवीमा हुने परिवर्तन पहिचान गर्ने 'जिनोमिक निगरानी प्रणाली' विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। जिनोमिक निगरानी भनेको रोग फैलाउने जीवको आनुवंशिक परिवर्तन नियमित रूपमा अध्ययन गरेर नयाँ जोखिम पत्ता लगाउने प्रक्रिया हो।

**नयाँ तथ्य उजागर**

अहिलेसम्म औषधि प्रतिरोधको निगरानी गर्दा वैज्ञानिकहरूले केही पहिचान भएका जैविक संकेतक मात्र हेर्ने गरेका थिए। तर ब्राउन विश्वविद्यालयका अनुसन्धानकर्ता करामोको नियारेले मलेरिया परजीवीको सम्पूर्ण जिनोम अध्ययन गर्ने निर्णय गरे। 'हामीलाई थाहा थियो कि समयसँगै परजीवीमा परिवर्तन भइरहेको छ र मलेरियाको औषधिले कम काम गर्न थालेको छ तर यसको ठ्याक्कै आनुवंशिक कारण के हो भन्ने हामी जान्न चाहन्थ्यौं,' नियारेले भने। सम्पूर्ण जिनोम अध्ययन गर्दा परजीवीभित्र भइरहेको परिवर्तनबारे अझ स्पष्ट जानकारी प्राप्त भएको उनको भनाइ छ।

**नयाँ आनुवंशिक संकेतक**

पछिल्लो दुई दशकदेखि युगान्डामा सामान्य प्रकारको मलेरियाको मुख्य उपचारका रूपमा आर्टेमेथर-लुमेफान्ट्रिन प्रयोग हुँदै आएको छ। यो आर्टेमिसिनिनमा आधारित संयुक्त उपचार (एसिटी) अन्तर्गत पर्ने औषधि हो। एसिटीअन्तर्गत मलेरिया परजीवीलाई मार्न दुई वा बढी औषधि एकसाथ प्रयोग गरिन्छ। सन् २०२६ सम्म आइपुग्दा अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सिडिसी) ले अफ्रिकाको यात्राबाट फर्किएका केही मानिसमा सामान्य मात्राको औषधिले पूर्ण रूपमा निको पार्न नसकेको देखिएपछि उपचार अवधि बढाउन सिफारिस गरेको छ। यसले मलेरिया परजीवी औषधिप्रति कम संवेदनशील हुँदै गएको संकेत गरेको छ। अनुसन्धानकर्ताहरूले मलेरिया परजीवीको जिनोममा ६९ वटा जिन रहेको एउटा विशेष क्षेत्र पहिचान गरेका छन्।

थप आनुवंशिक अध्ययनपछि उनीहरूले तीन वटा विशेष उत्परिवर्तन (म्युटेसन) र दुईवटा जिन हराउने परिवर्तन (डिलेसन) को समूहले औषधिको प्रभाव घटाएको देखे।

यी परिवर्तनले आर्टेमिसिनिन, लुमेफान्ट्रिन र अर्को मलेरिया औषधि मेफ्लोक्विनप्रति परजीवीको संवेदनशीलता घटाएको पाइएको थियो। वैज्ञानिकहरूले यी परिवर्तन मुख्य रूपमा 'पिएक्स-१' नामक जिनमा भएको पत्ता लगाए। मलेरियाको संयुक्त उपचारमा प्रयोग हुने औषधिप्रतिको कम संवेदनशीलता कसरी खास जिनमा भएको परिवर्तनसँग अन्तरसम्बन्धित छ भनेर प्रमाणित भएको यो पहिलो पटक हो। 'लुमेफान्ट्रिन प्रतिरोधसँग सम्बन्धित प्रमाणित आनुवंशिक संकेतक हामीसँग थिएन। हाम्रो अध्ययनले अफ्रिकाभरि मलेरियाका मुख्य उपचार औषधिप्रति कम संवेदनशीलता फैलिँदै गएको निगरानी गर्न सकिने एउटा महत्त्वपूर्ण संकेतक पहिचान गरेको छ,' नियारेले भने।

**थप अध्ययन आवश्यक**

वैज्ञानिकहरूले पत्ता लगाएको नयाँ उत्परिवर्तन (म्युटेसन) लाई औषधि प्रतिरोध निगरानी प्रणालीमा समावेश गर्नुपर्ने र थप अध्ययन गर्नुपर्ने बताएका छन्। यो अध्ययन प्रयोगशालामा बिरामीबाट संकलन गरिएका परजीवीमा गरिएकाले भविष्यमा यस्ता परिवर्तन भएका परजीवीले वास्तविक बिरामीमा उपचारको परिणामलाई कसरी असर गर्छन् भन्ने अध्ययन गर्नुपर्ने डा. बेलीले बताए। डा. बेलीका अनुसार यो आनुवंशिक परिवर्तन युगान्डामा तीव्र रूपमा फैलिरहेको देखिएको छ। तर यो युगान्डाबाहिर अन्य देशमा कति फैलिएको छ भन्ने अझै स्पष्ट छैन।

'यसले औषधि कहिले पूर्ण रूपमा प्रभावहीन हुन सक्छ भन्ने अनुमान गर्ने मोडल विकास गर्नुपर्ने आवश्यकता देखाएको छ,' बेलीले भने, 'साथै मलेरियाको उपचारका लागि नयाँ औषधि विकास गर्न तत्काल काम गर्नुपर्ने देखिन्छ।' यो अनुसन्धानमा अमेरिकाको जोन्स हप्किन्स विश्वविद्यालय, युगान्डाको इन्फेक्सियस डिजिज रिसर्च कोल्याबोरेसन, क्यालिफोर्निया विश्वविद्यालय सान फ्रान्सिस्को, नर्थ क्यारोलिना विश्वविद्यालय र नोट्रे डेम विश्वविद्यालयका वैज्ञानिकहरूको पनि सहभागिता थियो।

# 'एक झुल्को घाम' लोकार्पण

भक्तपुर, भदौ ७ (नागरिक)- कवि सूर्यप्रसाद लाकोजूको कवितासंग्रह 'एक झुल्को घाम' लोकार्पण गरिएको छ। वरिष्ठ कलाकार तथा कार्यक्रमका प्रमुख अतिथि मदनकृष्ण श्रेष्ठले कविता संग्रहको लोकार्पण गरेका हुन्।

कार्यक्रममा समालोचकद्वय डा. ज्ञानु अधिकारी र रमेशचन्द्र अधिकारीले 'एक झुल्को घाम' माथि समीक्षात्मक मन्तव्य राखेका थिए। उनीहरूले कृतिमा समेटिएका कविताका विषयवस्तु, भाव, शैली, सामाजिक चेतना तथा कविको काव्यचेतनाका विविध पक्षबारे चर्चा गरे।

कार्यक्रममा कृतिका सर्जक सूर्यप्रसाद लाकोजूले आफ्नो सिर्जनायात्रा, कविता लेखनको पृष्ठभूमि तथा 'एक झुल्को घाम' तयार हुँदासम्मका अनुभवबारे मन्तव्य रखे। त्यसैगरी राजुराम मुनकर्मी र वसन्त मुनकर्मीले पनि शुभकामना तथा मन्तव्य व्यक्त गरेका थिए। सोही अवसरमा 'एक झुल्को घाम' कवितासंग्रहबाट विभिन्न कविले कविता वाचनसमेत गरेका थिए। ध्रुवकृष्ण मानन्धर, ध्रुवकृष्ण ताम्राकार, हिसिलिना साक्य, रहेना मानन्धर नकर्मीलगायतका कविहरूले कृतिमा समेटिएका कविता प्रस्तुत गरेका थिए। कविता वाचनले समारोहलाई थप साहित्यिक र सिर्जनात्मक बनाएको थियो।


## नबिल बैंक लिमिटेडको धितोमा रहेको सवारी साधन लिलाम बिक्री सम्बन्धी ७ (सात) दिनेगोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी सुचना

(प्रकाशित मिति: २०८३/०५/०८)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले बैंकबाट ऋणकर्जा उपभोग गर्दाका बखत बैंकलाई गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले तथा जमानीकर्ताहरुले समेत सो कर्जा तिर्न तिराउनकालागि पहल नगरी बेवास्ता, आलटाल, अटेर गरेकोले बैंकले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०७९/६/२५ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको सवारी साधन हाल यस बैंकको नियन्त्रणमा नरहेको जानकारी गराउँदै सो सवारी साधन हाल जहाँ, जे, जस्तो अवस्था, स्थितिमा रहेको छ, सोही अवस्था, स्थिति, हालतमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरि एको छ। धितोमा रहेको उक्त सम्पत्ति गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ सस्थाले यो सूचना प्रकाशित भएको **सात (७) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ। यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

**तपसिल**

**ऋणी फर्म, ऋणी फर्मका प्रोप्राईटर तथा ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगाना**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०६६।०५।१७ मा प्र.प.नं ३८३१।०६६।६७ अन्तर्गत दर्ता भएको **श्री जय वजरंग कन्स्ट्रक्सन।**

ठेगाना: सलार्ही जिल्ला मलंगवा नगरपालिका वडा नं ८।

**ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगानाको विवरण**

बद्री प्रसाद अग्रवालको छोरी पवन कुमार अग्रवालको बुहारी राजेश कुमार अग्रवालको श्रीमती सर्लाही जिल्ला मलंगवा नगरपालिका वडा नं ८ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १३ बस्ने ना.प्र.नं ३१६१ (जारी मिति:२०५८/०२/२९, स्थान सर्लाही) भएकी **अंजु देवी वंशल।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

चांजु राम अग्रवालको नाति पवन कुमार अग्रवालको छोरा सर्लाही जिल्ला मलंगवा नगरपालिका वडा नं ८ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १३ ना.प्र.नं २९१७२६२९ (जारी मिति:२०५१/१२/१३, स्थान सर्लाही) भएका **राजेश कुमार अग्रवाल।**

**धितोको विवरण**

**धितोमा रहेको सवारी साधनको विवरण:**

१. ऋणी **जय वजरंग कन्स्ट्रक्सन** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा २ क ४९२३ भएको JCB BACKHOE LOADER.
२. ऋणी **जय वजरंग कन्स्ट्रक्सन** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा २ क ४९२१ भएको JCB JS 205 EXCAVATOR.
३. ऋणी **जय वजरंग कन्स्ट्रक्सन** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. दर्ता नं. बा ३ क ६६३ भएको JCB JS 205 EXCAVATOR.

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८३/०५/१५ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०५/१६ गते ३:०० बजे बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन। साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ। सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मिति: २०८३/०५/०८

यस बैंकको शाखा कार्यालय भानुचौक, जनकपुरबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

**तपसिल**

**ऋणी कम्पनीको नाम र ठेगाना**

**ऋणीको नाम : जगदम्बा पोल एण्ड प्रिकास्ट प्रा.लि.**
रजिष्टर्ड ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. ६
रजिष्ट्रेसन नं. :२३४८६४/०७६/०७७ (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा प्रा.लि.नं./ली )
पान नं. : ६०९७२६०८४

**कम्पनीको संचालक तथा जमानीकर्ताको नाम र ठेगाना**

श्री प्रभु साह को नाती, श्री सिंघेश्वर साह को छोरा, श्रीमती फुलो देवी (जेठी), श्रीमती शारदा देवी साह (कान्छी) को/की पति/पत्नी, मधेश प्रदेश, महोत्तरी जिल्ला श्रीपुर गा.वि.स. वडा नं. ३ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर उप.म.न.पा. वडा नं. १ बस्ने वर्ष ५२ को श्री **प्रमोद साह** (ना.प्र.नं. ८६२६४५९१, जारी मिति बि.सं. २०५९/०१/१२, जि.प्र.का. महोत्तरी

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री सिंघेश्वर साहको नाती, श्री प्रमोद साह को छोरा, मधेश प्रदेश, धनुषा जिल्ला जनकपुर उ.म.न.पा.. वडा नं. १ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर उप.म.न.पा. वडा नं. १ बस्ने वर्ष ३३ को **चन्दन कुमार साह** (ना.प्र.नं. १७११०२/२५५८, जारी मिति बि.सं. २०६७/०१/०७, जि.प्र.का. धनुषा)।
२. श्री प्रमोद साह को बुहारी, श्री भैरव महतो सुडी की छोरी श्री विपिन कुमार साह की पत्नी, मधेश प्रदेश, धनुषा जिल्ला भुचकपुर गा.वि.स. वडा नं. २ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर उप.म.न.पा. वडा नं. १ बस्ने वर्ष ४० की **दुर्गा कुमारी साह** (ना.प्र.नं. १४७९३२९७, जारी मिति बि.सं. २०६२/०२/१३, जि.प्र.का. धनुषा)।
३. श्री सिंघेश्वर साहकी बुहारी, श्री पलट महतो की छोरी श्री प्रमोद साह की पत्नी, मधेश प्रदेश, महोत्तरी जिल्ला श्रीपुर गा.वि.स. वडा नं. ३ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर उप.म.न.पा. वडा नं. १ बस्ने वर्ष ५१ की श्रीमती **फुलो देवी** (ना.प्र.नं. १८-१-०५४/१०४, जारी मिति बि.सं. २०६४/०८/२३, जि.प्र.का. महोत्तरी)।
४. श्री सिंघेश्वर साह को नाती, श्री प्रमोद साह का छोरा श्री दुर्गा कुमारी साह को पति, मधेश प्रदेश, धनुषा जिल्ला जनकपुर उ.म.न.पा. वडा नं. १ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर उप.म.न.पा. वडा नं. १ बस्ने वर्ष ३५ को **विपिन कुमार साह** (ना.प्र.नं. १७११०२/२५५७, जारी मिति बि.सं. २०६७/०१/०७, जि.प्र.का. धनुषा)।
५. श्री सिंघेश्वर साह की बुहारी, श्री मान वहादुर सिङ्गधनकी छोरी श्री प्रमोद साह की पत्नी, मधेश प्रदेश, महोत्तरी जिल्ला श्रीपुर गा.वि.स. वडा नं. ३ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर उप.म.न.पा. वडा नं. १ बस्ने वर्ष ४७ की श्रीमती **शारदा देवी साह** (ना.प्र.नं. १८२०५४/६२, जारी मिति बि.सं. २०६४/११/२९ जि.प्र.का. महोत्तरी)।
६. श्री सिंघेश्वर साह को नाती, श्री प्रमोद साहको छोरा, मधेश प्रदेश, धनुषा जिल्ला जनकपुर उ.म.न.पा. वडा नं. १ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर उप.म.न.पा. वडा नं. १ बस्ने वर्ष २८ को **बिकी कुमार साह** (ना.प्र.नं. १७-०१-७१-०७८३५, जारी मिति बि.सं. २०७१/१२/२९, जि.प्र.का. धनुषा)।
७. श्री प्रमोद साहकी बुहारी, श्री रुद्र नारायण साह सुडी की छोरी श्री चन्दन कुमार साह को पत्नी, मधेश प्रदेश, धनुषा जिल्ला भुचकपुर गा.वि.स. वडा नं. २ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर उप.म.न.पा. वडा नं. १ बस्ने वर्ष ३२ की श्रीमती **अंजली साह** (ना.प्र.नं. १७१०४२/७४१, जारी मिति बि.सं. २०६९/०६/२, जि.प्र.का. धनुषा)।
८. श्री सिंघेश्वर साह को नाती, श्री प्रमोद साहको छोरा, मधेश प्रदेश, धनुषा जिल्ला जनकपुर उ.म.न.पा. वडा नं. १ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर उप.म.न.पा. वडा नं. १ बस्ने वर्ष २५ को **निराजन साह** (ना.प्र.नं. १७-०१-७५-००५१४, जारी मिति बि.सं. २०७५/०८/२८, जि.प्र.का. धनुषा)।

Citizens Bank
**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८



इलामको सूर्योदय नगरपालिकाको श्रीअन्तुमा रहेको पर्यटकीय अन्तुपोखरी। अन्तुमा आन्तरिक र भारतीय पर्यटक बढी आउने गर्छन्। तस्बिर : भीम चापागाईं/नागरिक

# सुदूरपश्चिममा मन्त्री बन्न नौजना बाँकी

**दिलबहादुर छत्याल**

*धनगढी, भदौ ७*

सरकार फेरबदलको क्रम चलिरहँदा सुदूरपश्चिम प्रदेशसभाका दुईतिहाइ बढी प्रदेशसभा सदस्यले मन्त्री हुने अवसर पाइसकेका छन्। मन्त्री हुन बाँकी सांसद संख्या मात्र नौ रहेको छ।

प्रजातन्त्र पुनर्स्थापनापछि संघीय सरकारको अस्थिरताले विकासमा प्रतिकूल असर पारेको भन्दै संविधानसभाबाट बनेको नयाँ संविधानमा सरकारलाई स्थिर बनाउने प्रावधान राख्नुपर्ने आवाज चर्को उठ्यो, तर संघीय सरकारसँगै प्रदेश सरकार फेरबदल हुने अस्थिरताको चक्रभने उस्तै छ। देश संघीयतामा गएपछि सुदूरपश्चिम प्रदेशमा बनेको प्रदेशसभाको दोस्रो कार्यकालको ४४ महिनाको अवधिमा पाँचपटक प्रदेश सरकार बदलिइसकेको छ।

प्रदेश सरकारको अस्थिरताले प्रदेशसभा सदस्यहरूलाई भने राम्रो अवसर मिलेको छ। गत २०७९ मंसिरमा निर्वाचितमध्ये दुईतिहाई बढी प्रदेशसभा सदस्यले गाडीमा मन्त्रीको झन्डा फहराउन पाएका छन् भने चारजनाले मुख्यमन्त्री बन्ने अवसर पाइसकेका छन्। नेपाली कांग्रेसबाट निर्वाचित कमलबहादुर शाह यस अवधिमा दुईपटक मुख्यमन्त्री बन्न पाउने भाग्यमानी प्रदेशसभा सदस्य हुन्।

सुदूरपश्चिम प्रदेशका ५३ प्रदेशसभा सदस्यमध्ये यस अवधिमा ३८ जना सांसदले मन्त्री बन्ने अवसर पाइसकेका छन्। मन्त्री बन्ने अवसर नजुरेका सांसद संख्या नौ रहेको छ। प्रदेश सरकारको अस्थिरताको गति हेर्दा बाँकी डेढ वर्षको अवधिमा मन्त्री बन्ने अवसर नपाएका सांसदको भाग्यको ढोका पनि खुल्न सक्ला।




**तुलनात्मक रूपमा मन्त्री बन्ने अवसर नपाउने सांसद कांग्रेसका बढी छन्। प्रदेशसभामा दोस्रो ठुलो दल कांग्रेसका १८ प्रदेशसभा सदस्यमध्ये ६ जना सांसदले मन्त्री हुने अवसर पाएका छैनन्।**

सुदूरपश्चिम प्रदेशसभामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का एकजना मात्र प्रदेशसभा सदस्य खेमादेवी विष्ट छिन्। प्रतिपक्षीय भूमिकामै रहेकाले उनी मन्त्री बनेकी छैनन्। सुदूरपश्चिम प्रदेशसभामा तत्कालीन निर्वाचित माओवादी केन्द्र, नागरिक उन्मुक्ति र एकीकृत समाजवादी गरी तीन दल मिलेर बनेको नेकपाका २२ प्रदेशसभा सदस्य छन्। प्रदेशसभामा सबैभन्दा ठुलो दल रहेको नेकपाका दुईजना प्रदेशसभा सदस्यलाई मन्त्री बन्ने अवसर जुरेको छैन। मन्त्रीको सौभाग्य नपाउनेमा दार्चुलाका मानबहादुर धामी र डोटीका शिवसिंह ओली छन्। तत्कालीन माओवादी केन्द्रबाट निर्वाचित नेकपाका भीमबहादुर भण्डारी सभामुख रहेका छन्।

नेकपा एमालेका ११ प्रदेशसभा सदस्य छन्। एमालेमा प्रदेशसभा सदस्य धर्मराज पाठक एकजना मात्र मन्त्री बन्न बाँकी छन्। पाठक प्रदेशसभाको सामाजिक विकास समितिका सभापति छन्। एमालेबाट कोइलीदेवी चौधरी उपसभामुख बनेकी छन् भने अन्य नौजना मन्त्री भइसकेका छन्। तुलनात्मक रूपमा मन्त्री बन्ने अवसर नपाउने सांसद कांग्रेसका बढी छन्। प्रदेशसभामा दोस्रो ठुलो दल कांग्रेसका १८ प्रदेशसभा सदस्यमध्ये ६ जना सांसदले मन्त्री हुने अवसर पाएका छैनन्।

कांग्रेसका प्रदेशसभा सदस्यहरू दिवानसिंह विष्ट, पदमबहादुर शाही, डम्मरी महरा, गीता चौधरी, ललिता सुनार र तुलसी देवकोटाले मन्त्री बन्ने अवसर पाएका छैनन्। केही सांसदले मन्त्री बन्न नपाइरहँदा दोहोरिएर मन्त्री बन्ने अवसर पाएका भाग्यमानी सांसदहरू पनि रहेका छन्। नेकपाका ओमविक्रम भाट, कांग्रेसका शिवराज भट्ट, पदमुक्त भइसकेका कांग्रेसकै सांसद प्रकाशबहादुर देउवा र नागरिक उन्मुक्तिबाट निर्वाचित नेकपाका खुसीराम चौधरीले दोहोरिएर मन्त्री बन्ने अवसर पाएका छन्।

मन्त्री अवसर नपाउने केही सांसद तुलनात्मक रूपमा क्षमता, योग्यता बढी हुनेहरू पनि छन्, तर राजनीतिक दलमा नीति, सिद्धान्त र मापदण्डका आधारमा नभई नेतासँगको पहुँच तथा गुटगत आधारमा मन्त्री छानिने गरेको नेताहरू बताउँछन्। २०७९ मंसिर ४ मा भएको निर्वाचनबाट सुदूरपश्चिम प्रदेशसभामा कुनै पनि राजनीतिक दलले बुहमत ल्याउन सकेनन्।

तत्कालीन नेकपा माओवादी केन्द्र, नागरिक उन्मुक्तिको समर्थनमा एमालेका राजेन्द्र सिंह रावल २०७९ पुस २७ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए। उनको सरकार एक महिनामै ढल्यो। २०७९ माघ २६ गते कांग्रेसका कमलबहादुर शाह मुख्यमन्त्री नियुक्त भए। उनको सरकार ढलेपछि एमालेको समर्थनमा एकीकृत समाजवादीका दीर्घबहादुर सोडारी २०८१ वैशाख ६ गते मुख्यमन्त्री बने। एमालेले समर्थन फिर्ता लिएपछि तीन महिनामै साउन १८ गते उनको सरकार पनि ढल्न पुग्यो। त्यसपछि २०८१ साउन २० गते एमालेको समर्थनमा कांग्रेसका शाह दोस्रोपटक मुख्यमन्त्री बने।

बजेट विवाद उत्कर्षमा पुग्दा एमालेले समर्थन फिर्ता लिएपछि उनको सरकार ढल्न पुग्यो। गत साउन २९ गते एमालेको समर्थनमा नेकपाका खगराज भट्टको नेतृत्वमा नयाँ सरकार बनेको छ।

## हाँसेर प्रधानमन्त्री त्यागें : लामिछाने



काठमाडौं, भदौं ७ (नागरिक) - राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले परिवर्तनलाई संस्थागत गर्न किस्तीमा आएको प्रधानमन्त्री त्याग गरेको बताएका छन्। पार्टीको नीति, संगठन र नेतृत्व विषयक कार्यशालालाई आइतबार सम्बोधन गर्दै सभापति लामिछानेले प्रधानमन्त्रीभन्दा परिर्वतनलाई महत्त्व दिएको दाबी गरेका हुन्। २१ सिटको दलका रूपमा प्रधानमन्त्री बन्नका लागि प्रस्ताव आएको सुनाउँदै उनले भने,'आन्दोलनलाई घात नगर्न मैले हाँसीहाँसी अस्वीकार गरें।'

हिजो दोष लगाउने धेरै मान्छे भए पनि अहिले अरूलाई दोष लगाएर उम्किने अवस्थामा नरहेको धारणा राख्दै उनले भने, 'अब बितेका ३५ वर्षको हिसाबको कुरा गर्ने होइन साथीहरू, ३५ वर्षसम्म गर्ने योजना ल्याउनुस्।'

## 'विशेष महाधिवेशन बेमौसमी बाजा'



काठमाडौं, भदौ ७ (नागरिक)- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टी पुनर्गठन शब्द प्रयोग गरी अध्यक्ष हटाउने भनी चलाइएको हल्लाबाट भ्रममा नपर्न आग्रह गरेका छन्। अखिल नेपाल महिला संघ कोसी प्रदेशको आइतबार विराटनगरमा आयोजित दोस्रो सम्मेलनलाई भर्चुअल रूपमा सम्बोधन गर्दै उनले अध्यक्ष हटाउने विषय पुनर्गठनभित्र नपर्ने स्पष्ट पारे।

कसैले पनि सीमाबाहिर गएर स्वेच्छाचारी ढंगले दृष्टिकोण राख्ने स्थिति हुन नहुने बताउँदै ओली भने ,' नेतृत्वको विषयमा पनि आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने समय हुन्छ।' उनले पार्टीको विशेष महाधिवेशन वा प्रतिनिधि परिषद् बैठकलाई 'बेमौसमी बाजा'को संज्ञा दिए। ओलीले जनताले दिएको बहुमत देशमा आतंक सिर्जना गर्न नभई राम्रोसँग देश चलाउन दिएको 'लाइसेन्स' भएको बताए। अहिलेको सरकार हरेक क्षेत्रमा डर, त्रास र भयको वातावरण सिर्जना गरी स्वेच्छाचारी ढंगले चलिरहेको र फासीवादतर्फ उन्मुख रहेको उनको भनाइ थियो।

## सत्ता बनाउन लाग्नु भूल भयो : दाहाल



काठमाडौं, भदौं ७ (नागरिक) - नेपाली कम्युनिस्ट पार्टी (नेकपा) संयोजक पुष्पकमल दाहालले आफ्नो वर्ग, मूल विचार र रणनीतिलाई नजरअन्दाज गर्दा पार्टी असफल भएको स्वीकार गरेका छन्। आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै दाहालले पार्टी पछिल्लो समय रणनीति बिर्सेर सत्ता बनाउने र ढलाउनेमा लाग्नु भूल भएको बताएका हुन्। 'हिजो जनयुद्धमा हुँदा सामन्तवाद परास्त गर्ने रणनीति थियो', दाहालले भने,'त्यसको प्राप्तिका निम्ति कार्यनीति बनाएर अघि बढ्दा जनयुद्धमा सफल भए पनि अहिले रणनीतिलाई कार्यनीति र कार्यनीतिलाई रणनीतिजस्तो बनाउँदा चक्करमा फसियो।'

## राप्रपा विवाद चर्किंदै

काठमाडौं, भदौं ७ (नागरिक) - राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को केन्द्रीय अनुशासन समितिले पार्टीको निर्णय र निर्देशनबिना बागमती प्रदेश सरकारमा सहभागी भएका तीन प्रदेशसभा सदस्यलाई स्पष्टीकरण पेस गर्न निर्देशन दिएको छ। राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले सामाजिक सञ्जाल फेसबुकमार्फत स्पष्टीकरणको अल्टिमेटम दिने निर्णय भएको जानकारी दिए। श्रेष्ठका अनुसार पार्टीको निर्णय र निर्देशनबिना बागमती प्रदेश सरकारमा सहभागी भएका प्रदेशसभा सदस्यहरू राजु बिष्ट, राजेन्द्र प्रजापति र गीरबहादुर तामाङलाई पूर्ण सफाइको मौका दिँदै आगामी १२ घन्टाभित्र स्पष्टीकरण पेस गर्न समय दिइएको हो। पार्टीको निर्णयविपरीत प्रदेश सरकारमा सहभागी भएको विषयलाई लिएर राप्रपाले आफ्ना प्रदेशसभा सदस्यहरूमाथि अनुशासनात्मक प्रक्रिया अघि बढाएको छ। समितिले तोकेको समयभित्र प्राप्त हुने स्पष्टीकरणका आधारमा उनीहरूमाथि थप निर्णय लिने तयारी गरेको बुझिएको छ।

# गरिमाको अन्त्येष्टि

**उपेन्द्र यादव**

*बारा, भदौ ७*

बलात्कारपछि हत्या गरिएकी जितपुर सिमरा उपमहानगरपालिका- १ की तीन वर्षीया बालिका चौधरीको आइतबार अन्त्येष्टि गरिएको छ। गरिमाका बुबा मनोज चौधरीले कलैया उपमहानगरपालिका- १४ पसाह खोला किनारमा छोरीको अन्त्येष्टि गरेका हुन्।

गृह मन्त्रालयमा शनिबार राती भएको तीनबुँदे सहमतिपछि कलैया प्रादेशिक अस्पतालको शवगृहमा रहेको गरिमाको शवलाई उनका बुबा चौधरीले बुझेका थिए। गृह मन्त्रालयमा मध्यरातसम्म चलेको छलफलपछि सरकार र पीडित परिवारबिच तीनबुँदे सहमति गरिएको थियो। सहमतिपछि सिमराको जनजीवन सामान्य बनेको छ।

सहमतिमा जघन्य आपराधिक घटनामा नागरिकको अपेक्षाअनुसार विद्यमान कानुनमा रहेका कसुर र सजायको व्यवस्था पुनरावलोकन गरी कानुन तर्जुमाका लागि सुझावसहितको प्रतिवेदन सात दिनभित्र पेस गर्ने र यसका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सात सदस्यीय 'गरिमा न्याय संकल्प समिति' गठन गरिने।

पीडित परिवारको अपेक्षाअनुसार बालिका गरिमा चौधरीको सालिक निर्माण गर्न पूर्वाधार विकास मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी पहल गर्ने र पीडित बालिकाका अभिभावकले आफ्नो रीतिरिवाज तथा संस्कारअनुसार अन्त्येष्टि कार्य गर्ने सहमति पत्रमा उल्लेख छ।

सहमतिपत्रमा सरकारका तर्फबाट गृहमन्त्री सुदन गुरुङ, पूर्वाधार विकासमन्त्री सुनिल लम्साल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री साविता गौतम, महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादी तथा कृषि, वन तथा वातावरणमन्त्री गिला चौधरीले हस्ताक्षर गरेका छन् भने पीडित परिवारका तर्फबाट गरिमा चौधरीका बुबा मनोजकुमार चौधरी र आमा मीनमती चौधरीले सहमतिपत्रमा हस्ताक्षर गरेका छन्।

साउन ३१ म जितपुरसिमरा उपमहानगरपालिका-१ घरबाटै खेल्ने क्रममा बेपत्ता पारिएकी गरिमाको शव दुई दिनपछि भदौ २ गते साँझ स्थानीय एक खाली घरमा हत्या गरेको अवस्थामा बरामद भएको थियो। शव बरामदपछि पोस्टमार्टमका लागि कलैया प्रादेशिक अस्पताल लगिएको थियो।

निर्दोष छोरीको बलात्कारपछि हत्या गरिएको भन्दै परिवारले शवलाई अस्पतालमै छाडेर दोषीलाई फाँसीको माग र अनुसन्धानमा ढिलाइ गर्ने इलाका प्रहरी कार्यालय सिमराका प्रमुखलाई निलम्बनको माग गर्दै धर्ना र प्रदर्शनमा उत्रिएका थिए।

# विकल्प नहुँदा त्रिपाल टाँगेरै बस्न थाले सुकुम्बासी

**गणेश विशु**

*बाँके, भदौ ७*

घर भत्काइयो, बस्ती हटाइयो, बस्ने ठाउँ खोज्न भनियो। तर न सरकारले जग्गा दियो, न अस्थायी आवासको व्यवस्था गऱ्यो। घर भाडा तिर्न नसकेपछि कोहलपुर- ११ शान्तिनगरका विस्थापित परिवार फेरि त्यही ठाउँमा फर्किएका छन्, जहाँ केही समयअघि नगरपालिकाले डोजर चलाएर उनीहरूको घरटहरा भत्काएको थियो।

शनिबार बिहानैदेखि शान्तिनगरमा फेरि त्रिपाल टाँगिन थाले। डोजरले खाली गराएको क्षेत्रमा विस्थापित परिवारले त्रिपाल गाडेर अस्थायी बसोवास सुरु गरेका छन्। उनीहरूको भनाइमा यो पुनः बस्ती बसाउने प्रयास मात्र होइन, राज्यसँग आफ्नो अस्तित्व र बसोबासको अधिकारका लागि गरिएको दबाब हो। शान्तिनगर सुकुम्बासी संघर्ष समितिका संयोजक वीरबहादुर परियारले सरकारले तत्काल अस्थायी बसोबासको व्यवस्था नगरेसम्म आफूहरू सो क्षेत्रबाट नहट्ने बताए। घर भाडामा लिएर बस्दा नियमित खर्च धान्न नसक्ने अवस्था आएपछि बाध्य भएर पुनः त्रिपाल टाँग्नुपरेको उनको भनाइ छ। 'हामीलाई घरबाट उठाइयो, तर बस्ने ठाउँ दिइएन। कोठा भाडामा लिएर बस्ने हाम्रो क्षमता छैन', परियारले भने, 'अब सरकारले अस्थायी बसोबासको व्यवस्था नगरेसम्म हामी यहाँबाट उठ्दैनौं। त्रिपाल टाँगेर भए पनि यहीं बस्छौं।'



सरकारले बस्तीमा डोजर चलाएर आफूहरूको घरबार उजाडेपछि बेवारिसे अवस्थामा पुगेको मनसरी खड्काले बताइन्। वर्षौंदेखि बस्दै आएको थातथलो एकाएक गुमाउँदा परिवारको भविष्य नै अन्योलमा परेको उनको गुनासो छ। 'उठिबास लागेपछि बाध्य भएर बस्ती छाडेका हौं', उनले भनिन्, 'सरकारले केही व्यवस्था गरिदिन्छ, बस्ने ठाउँ र खानेकुराको जोहो हुन्छ भन्ने लागेको थियो, तर हाम्रो दुःख बुझ्ने कोही भएन।' घर भत्किएपछि बालबालिकासहित खुला आकाशमुनि बस्नुपर्ने अवस्था आएको उनले बताइन्। मजदुरी गरेर परिवार पाल्दै आएका आफूहरूलाई घरवारविहीन बनाएपछि झन् ठूलो समस्या थपिएको उनको भनाइ छ। 'हामीसँग पैसा छैन, जग्गा छैन, जाने ठाउँ पनि छैन', उनले दुःख पोखिन्, 'सरकारले बस्ती भत्कायो, तर त्यसपछि हाम्रो जिम्मेवारी लिन चाहेन।' आफूहरूलाई नागरिक नभएजस्तो व्यवहार गरिएको भन्दै उनले सरकारले तत्काल बसोवास र जीवनयापनको व्यवस्था गरिदिनुपर्ने माग गरिन्।

नगरपालिकाले डोजर लगाएर बस्ती हटाएपछि त्यहाँ बस्दै आएका परिवार छरिएर विभिन्न ठाउँमा कोठा भाडामा बसिरहेका थिए। मजदुरी तथा दैनिक ज्यालादारी गरेर गुजारा चलाउने परिवारका लागि घर भाडा थप ठुलो आर्थिक भार बनेको छ। केही परिवार भने आफन्तको आश्रयमा बस्न बाध्य छन्। कोहलपुर नगरपालिकाका अनुसार शान्तिनगर क्षेत्रमा ७ सय ५१ परिवार बसोबास गर्दै आएका थिए। तीमध्ये ४१६ परिवार अव्यवस्थित बसोबासी, १७२ परिवार भूमिहीन दलित र १६३ परिवार भूमिहीन सुकुम्बासी रहेको नगरपालिकाको तथ्यांक छ। शान्तिनगर क्षेत्रमा कोहलपुर नगर विकास समितिको स्वामित्वमा रहेको करिब २८ देखि ३६ बिघा जग्गा लामो समयदेखि अतिक्रमणमा परेको थियो। क्रिकेट मैदान आसपासको ठुलो भूभागमा घरटहरा निर्माण गरी सयौं परिवार बसोबास गर्दै आएका थिए।

नगरपालिकाले बस्ती हटाएपछि परिवारहरूलाई तत्काल वैकल्पिक बसोबासको व्यवस्था गर्नुपर्ने माग स्थानीयस्तरमा उठ्दै आएको थियो, तर त्यसको ठोस समाधान नहुँदा विस्थापित परिवार फेरि पुरानै ठाउँमा फर्किएका छन्। विस्थापित परिवारको गुनासो एउटै छ, 'सरकारले घरटहरा हटाउन डोजर त चलायो, तर त्यसपछि आफूहरूको जीवन कसरी चलाउने भन्नेबारे जिम्मेवारी लिएन।' उनीहरूका अनुसार बस्ती हटाउने क्रममा वैकल्पिक व्यवस्थापनका विषयमा विभिन्न आश्वासन दिइए पनि कार्यान्वयन हुन सकेन। अहिले परिवारहरू घर भाडा तिर्न नसक्ने अवस्थामा पुगेपछि त्रिपालमुनि बस्न बाध्य भएका हुन्।

संघर्ष समितिले वास्तविक भूमिहीन, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको पहिचान गरी वर्गीकरणका आधारमा व्यवस्थापन गर्नुपर्ने माग गरेको छ। उनीहरूले तत्कालका लागि सुरक्षित अस्थायी आवास र दीर्घकालीन रूपमा स्थायी बसोबासको व्यवस्था गर्न माग गरेका छन्। यता नगरपालिकाले भने उनीहरूको व्यवस्थापन गर्ने काम भइरहेको बताएको छ।

## प्रजातन्त्रमा निषेधको राजनीति स्वीकार्य हुँदैन : बिजुक्छे

भक्तपुर, भदौ ७ (नागरिक)- नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेले प्रजातन्त्रमा निषेधको राजनीति स्वीकार्य नहुने बताएका छन्। भक्तपुर नगरपालिकाद्वारा प्रकाशित दुई पुस्तक 'सञ्चारमाध्यममा भक्तपुर नपा- १ र २' नामक पुस्तकबारे चर्चा तथा लेखक सञ्चारकर्मीलाई धन्यवाद दिन आइतबार भक्तपुरमा आयोजित कार्यक्रममा उनले यस्तो बताएका हुन्। भक्तपुर नगरपालिका क्षेत्रमा नेपाल मजदुर किसान पार्टीको एकलौटी बहुमत रहेकाले अन्य राजनीतिक दललाई निषेध गर्नु असत्य रहेको बताए।

## दलित मुक्तिका लागि अम्बेडकरवाद उचित

काठमाडौं, भदौ ७ (नागरिक)- नेपालमा दलित समुदायमाथिको जातीय विभेद अन्त्यका लागि प्रयोग भएका सिद्धान्त र पथ असफल भएको भन्दै बुद्ध तथा अम्बेडकरपथ प्रयोग अबको आवश्यकता रहेको औंल्याएका छन्। आइतबार राजधानीमा सम्पन्न 'बुद्धधर्म र अम्बेडकरवाद' विषयक छलफलमा उनीहरूले यस्तो धारणा राखेका हुन्। बुद्धधर्म तथा भारतीय अम्बेडकर पथका अभियन्ता र नेपालका दलित अभियन्ताबिच अन्तरक्रिया भएको छ।

छलफलमा भारतीय बौद्ध अम्बेडकरवादका अभियन्ता बुद्धमित्र मुसाफिरले भारतमा डा. भीमराव अम्बेडकरले अपनाएको बुद्धधर्म, शिक्षित र संगठित बन्ने उपाय उचित भएको बताए। अम्बेडकरले दलितमाथिको विभेद अन्त्य गर्न आफूलाई विभेद गर्ने धर्ममा रहिरहनु उचित नभएको बताए। 'जुन सभ्यतामा शोषण भइरहेको छ, जसलाई शोषण अवस्था थाहा हुन्छ, उसले मुक्तिको कोसिस गर्दछ', उनले भने। त्यसैगरी अम्बेडकरले शिक्षित हुने, संगठित र नेतृत्व क्षमता बौद्धिक वर्गमा हुने भएकाले यी दुईवटा उपाय अनुसरण गरेको बताए। भारतमा दलित मुक्ति अभियानले अवलम्बन गरेका यी अभ्यास प्रभावकारी सिद्ध भएको उनले बताए।

## सञ्चय कोषको प्रशासकमा श्रेष्ठ

काठमाडौं, भदौ ७ (नागरिक)- कर्मचारी सञ्चय कोषका नवनियुक्त प्रशासक विजयकुमार श्रेष्ठले आइतबार पदभार ग्रहण गरी आफ्नो जिम्मेवारी सम्हालेका छन्। मन्त्रीपरिषद् बैठकले श्रेष्ठलाई कोषको प्रशासकमा नियुक्त गरेको हो। यसअघि निवर्तमान प्रमुख प्रशासक जितेन्द्र धितालतलाई पदमुक्त गरिएपछि खाली रहेको नयाँ प्रशासकका लागि गठित छनोट समितिले तीनजनाको नाम सिफारिस गरेको थियो।

सो समितिले यही भदौ २ देखि अवकाशमा गएका कायममुकायम प्रशासक जीवनकुमार कटवाल, नवनियुक्त प्रशासक श्रेष्ठ र भरतराज वस्तीको नाम मन्त्रीपरिषद्मा सिफारिस गरिएको थियो। अन्तिम छनोट प्रक्रियामा रहेका तीनजनामध्ये सरकारले श्रेष्ठलाई प्रशासक नियुक्त गरेको हो। नवनियुक्त प्रशासक श्रेष्ठले आइतबारबाट कोषको नेतृत्व सम्हालेका छन्। श्रेष्ठको आगमनसँगै कोषको प्रशासनिक तथा वित्तीय व्यवस्थापन थप प्रभावकारी हुने अपेक्षा गरिएको छ। कर्मचारी सञ्चयकोष ऐन २०१९ अनुसार प्रशासक हुन कोषमा कार्यरत बहालवाला कर्मचारी हुनुपर्ने प्रावधान छ। सोही ऐनबमोजिम सरकारले श्रेष्ठलाई नियुक्त गरेको हो।

# छोरीहरू कहिलेसम्म असुरक्षित ?

**पृष्ठ १ बाट**

बालिकालाई संसारबाट बचाउनुपर्ने मानिस नै उसको डरको कारण बन्नु हाम्रो सभ्यताका लागि कति ठुलो विडम्बना हो!

यसको कारण अशिक्षा मात्र हो भनेर पन्छिन मिल्दैन। यो संस्कार, गलत सोच, मौनता, कमजोर निगरानी, सामाजिक लाज र दण्डहीनताको संयुक्त परिणाम हो। अपराधीलाई बचाउने मौनता पनि अपराधलाई बलियो बनाउने वातावरण हो। अपराध भएपछि मात्र दोषी खोज्ने समाजले अपराध जन्मिनुअघिको मानसिकता बदल्न सक्दैन। त्यसैले अपराधीको हातमा मात्र होइन, अपराधलाई सम्भव बनाउने मौनतामा पनि प्रश्न उठाउनुपर्छ। मलाई थाहा छैन, हाम्रो समाजलाई के भइरहेको छ। हामी कहाँ जाँदै छौं? एउटा अबोध बालिका आफ्नो पीडा भन्न नसक्ने अवस्थामा हुँदा पनि हामी किन यति मौन छौं? मिडिया कहाँ छ? बुद्धिजीवीहरू कहाँ छन्? महिला अधिकारकर्मी, नागरिक समाज र समाजका अगुवाहरू कहाँ छन्? किन छोरीहरूको सुरक्षा राष्ट्रिय बहसको स्थायी विषय बन्न सक्दैन? किन एउटी छोरीको मृत्यु भएपछि मात्र हाम्रो विवेक ब्युँझिन्छ? किन केही दिनपछि फेरि त्यही विवेक निदाउँछ?

हामी प्रधानमन्त्री कहाँ जानुभयो? के गर्दै हुनुहुन्छ? कहाँ बस्दै हुनुहुन्छ? केमा जानुभयो? परिवारसँग कि एक्लै? जस्ता विषयमा चर्चा गर्छौं। देशका करिब सबै सञ्चारमाध्यम र बुद्धिजीवीहरू प्रायः यिनै कुरामा भुलेका छन्। प्रधानमन्त्रीको व्यक्तिगत यात्राबारे प्रश्न गर्नु आफ्नो ठाउँमा होला। जनताको प्रतिनिधि र राज्यको नेतृत्व गर्ने व्यक्तिका गतिविधिबारे नागरिकले प्रश्न गर्नु लोकतन्त्रको स्वाभाविक अधिकार पनि हो। तर देशका छोरीहरूको सुरक्षा र न्यायको प्रश्न त्यसभन्दा हजारौं गुणा ठुलो हो। एउटा प्रधानमन्त्री कहाँ जानुभयो भन्ने प्रश्नभन्दा एउटी बालिका कहाँ असुरक्षित भइन् भन्ने प्रश्न ठुलो हो। प्रधानमन्त्रीको यात्राभन्दा एउटी आमाको आँसुको यात्रा ठुलो हो। राजनीतिक बहसको कोलाहलभन्दा एउटी अबोध बालिकाको मौन पीडा ठुलो हो।

प्रधानमन्त्रीज्यू, तपाईं देशको नेतृत्व गर्दै हुनुहुन्छ, यस्ता घटनामा राज्यको संवेदना, स्पष्ट धारणा र ठोस कार्य कहाँ छ? आज गरिमा चौधरी बलात्कृतपछि हत्या गरेर एउटा पोकोमा पाइएको अवस्था छ। देशको कार्यकारी अध्यक्षले यो नितान्त संवेदनशील अवस्थाको सम्बोधन गर्नुपर्ने बेला हो, तर तपाईंले यसबारे कुनै सम्बोधन गर्नुभएको छैन। प्रधानमन्त्रीज्यू, देशका छोरीहरूले तपाईंलाई सोधिरहेका छन्- हामी कहिले सुरक्षित हुन्छौं?

यो राजनीतिक आरोपको विषय मात्र होइन, यो मूलतः मानवताको प्रश्न हो। यो कुनै दल, विचार वा पक्षको मात्र प्रश्न होइन, यो त हाम्रो सभ्यताको प्रश्न हो। तीन वर्षकी बालिका आफ्नो आवाज उठाउन सक्दिनन् भने उनको आवाज बन्नु राज्य, मिडिया, बुद्धिजीवी र सम्पूर्ण समाजको जिम्मेवारी हो। उनको मौनताभित्र दबिएको चिच्याहट सुन्न सक्नु नै हाम्रो मानवताको परीक्षा हो।

बालबालिकाको सुरक्षा केवल प्रहरीको जिम्मेवारी होइन, यो घर, विद्यालय, समुदाय, स्थानीय सरकारदेखि संघीय सरकारसम्म सबैको साझा जिम्मेवारी हो। अब हामीले अपराध भएपछि मात्र आक्रोशित हुने होइन, अपराध हुनुअघि नै रोक्ने प्रणाली बनाउनुपर्छ। बालबालिकालाई सुरक्षित रूपमा बोल्न सक्ने वातावरण चाहिन्छ। विद्यालयमा बाल सुरक्षा र सचेतना चाहिन्छ। जोखिममा रहेका बालबालिकाको पहिचान र संरक्षण चाहिन्छ। उजुरी गर्ने परिवारलाई सामाजिक दबाब होइन, राज्यको संरक्षण चाहिन्छ र सबैभन्दा महत्त्वपूर्ण, दोषी जतिसुकै शक्तिशाली वा नजिकको व्यक्ति भए पनि कानुनभन्दा माथि कोही छैन भन्ने विश्वास समाजमा स्थापित हुनुपर्छ। गरिमा चौधरीको न्याय केवल गरिमाको परिवारको प्रश्न होइन, यो हामी सबै आमाको प्रश्न हो। यो नेपालका प्रत्येक छोरीको प्रश्न हो। एउटी आमाले आफ्नी छोरीलाई संसार देखाउन जन्माउँछिन्, डर देखाउन होइन। छोरीले आकाशमा उड्ने सपना देखोस् भनेर हुर्काइन्छ, आफ्नै वरिपरिका मानिससँग डराउन होइन। त्यसैले गरिमाको न्याय माग्नु भनेको केवल एउटा मृत बालिकाका लागि न्याय माग्नु होइन, बाँचिरहेका हजारौं छोरीहरूको भविष्य सुरक्षित बनाउने माग गर्नु हो।

गरिमाको नाममा स्मारक बनाउनु राम्रो हुन सक्छ तर गरिमाजस्तै अर्की बालिका रुन नपरोस्, अर्की आमाको काख नउजाडियोस् र अर्को परिवारले न्यायका लागि वर्षौं धाउन नपरोस्, त्यो नै साँचो श्रद्धाञ्जली हुनेछ। पत्थरमा गरिमाको नाम कुँदेर मात्र उनको स्मृति जीवित रहँदैन, एउटी छोरी सुरक्षित भएर विद्यालय जान सक्ने समाज निर्माण भयो भने मात्र उनको मृत्युको पीडाले अर्थ पाउनेछ।

हाम्रो देशमा 'छोरी उदय', 'छोरी विधवा', 'छोरी उद्यमी', 'प्रधानमन्त्री छोरी सम्मान कार्यक्रम' जस्ता अनेकौं कार्यक्रम छन्। ती कार्यक्रमले केही गरिरहेका छन्। तर अब केवल कार्यक्रम पर्याप्त छैनन्। अब भाषणभन्दा व्यवहार चाहिन्छ, घोषणाभन्दा सुरक्षा चाहिन्छ, औपचारिकताभन्दा उत्तरदायित्व चाहिन्छ। तीन वर्षकी अबोध बालिकाले समेत आफ्नो जीवन सुरक्षित राख्न सक्दिनन् भने हामीले विकास, समृद्धि र सभ्यताको जतिसुकै ठुलो दाबी गरे पनि हाम्रो अन्तरात्माले त्यसलाई स्वीकार गर्ने छैन।

अर्की गरिमा जन्मिनुअघि नै हामी बदलिनुपर्छ, राज्य बदलिनुपर्छ, समाज बदलिनुपर्छ, सोच बदलिनुपर्छ। गरिमा चौधरीले न्याय कहिले पाउने? अर्की गरिमा जन्मिनुअघि नै समाज कसरी बदल्ने? यी प्रश्नको उत्तर अब राज्यले दिनैपर्छ किनकि नेपालमा कुनै पनि छोरीको जीवन सस्तो छैन। एउटी छोरीको सुरक्षा केवल एउटा परिवारको सुरक्षा होइन, यो राष्ट्रको सभ्यता र मानवताको परीक्षा हो।

बितेका दिनबाट सिक, आउनेवाला दिनप्रति आशा राख र आजका लागि बाँच।
– अल्बर्ट आइन्स्टाइन

# सरकार ! गरिमा जोगाऊ

बलात्कारपछि हत्या गरिएकी जितपुर सिमरा उपमहानगरपालिका-१ की तीन वर्षीया बालिका गरिमा चौधरीको आइतबार अन्त्येष्टि गरिएको छ। गरिमाका बुबा मनोज चौधरीले जितपुर सिमरा उपमहानगरपालिका-१४ पसाह खोला किनारमा आफ्नो रीतिरिवाजअनुसार अन्तिम बिदाइ गरेका हुन्। गरिमाको अन्त्येष्टि त गरियो तर उनीमाथि भएको जघन्य अपराध र त्यसले नेपाली समाजमा उठाएका प्रश्नहरू अन्त्य भएका छैनन्। बरु प्रश्नहरू अझै गम्भीर बनेका छन्। सरकार र नेपाली समाजलाई उनको बलात्कारपछिको हत्याले गिज्याएको मात्र छैन, छोरीहरूलाई कसरी जोगाउने ? भन्ने प्रश्नलाई अझ घनीभूत बनाएको छ।

सरकार र पीडित परिवारबिच तीनबुँदे सहमतिसँगै बढ्दै गएको आक्रोश मत्थर भएको छ। तत्कालीन तनाव व्यवस्थापनका लागि आवश्यक थियो। यसले बिस्तारै आक्रोश कम हुने मात्रै होइन, केही समयमा आक्रोशित मनोभाव हराउँछ। जबसम्म गरिमाहरूलाई जोगाउने र न्याय दिलाउने स्पष्ट कानुन र नीति राज्य सञ्चालकहरूले ल्याउने छैनन्, तबसम्म सरकार र नेपाली समाजलाई यस घटनाले कालान्तरसम्म चिमोटिरहनेछ। गरिमाहरूले सरकार र नेपाली समाजलाई गिज्याइरहने छन्। गरिमाहरूको न्यायका लागि आवाज उठिरहने छ।

हुन त सरकारले जघन्य अपराधमा विद्यमान कसुर र सजायको व्यवस्था पुनरवलोकन गर्न सात सदस्यीय गरिमा न्याय संकल्प समिति गठन गर्ने, सात दिनभित्र सुझावसहितको प्रतिवेदन दिने र गरिमाको सालिक निर्माणका लागि पहल गर्ने प्रतिबद्धता जनाएको छ। सरकारको यो प्रतिबद्धता तत्कालको आक्रोश मत्थर गर्न मात्र हुनुहुँदैन। यो छोरीहरूको सुरक्षामा केन्द्रित हुनुपर्छ। सहमति न्यायको विकल्प होइन। सालिक बनाउनु, समिति गठन गर्नु पनि न्याय दिनु होइन। शव बुझेर अन्त्येष्टि गर्नु पनि न्याय हुँदै होइन।

न्याय तब हुन्छ, जब घटनाको निष्पक्ष अनुसन्धान हुन्छ, दोषी पहिचान हुन्छ र अदालतबाट हदैसम्मको सजाय हुन्छ।

> न्याय तब हुन्छ, जब घटनाको निष्पक्ष अनुसन्धान हुन्छ, दोषीको पहिचान हुन्छ र अदालतबाट हदैसम्मको सजाय हुन्छ। त्यति मात्र होइन, विद्यमान कानुनमा सुधार र संशोधन गर्दै यस्ता अपराधमा संलग्नमाथि हदैसम्मको दण्ड र सजायको व्यवस्था हुन्छ।

किन तीन वर्षीया बालिका आफ्नै घरनजिकबाट बेपत्ता भइन् ? उनको खोजीमा राज्यका संयन्त्र कति प्रभावकारी भए ? हत्या र बलात्कारजस्तो जघन्य अपराध हुनुअघि बालबालिकाको सुरक्षाका लागि राज्य र समुदायको संयन्त्र कहाँ थियो ? पीडित परिवारले शवसमेत बुझ्न अस्वीकार गरेर सडकमा आउनुपर्ने अवस्था किन आयो ? यसको निक्र्योल पनि सरकार र सुरक्षा निकायले गर्नुपर्छ। यस घटनामा स्थानीय प्रहरीको भूमिकामाथि परिवारले उठाएको प्रश्नलाई बेवास्ता गर्न मिल्दैन। प्रहरीमाथि प्रश्न उठ्दा उसले आफूलाई निर्दोष साबित गर्ने होइन, आवश्यक परे बाह्य र विश्वसनीय छानबिन गरेर जनताको विश्वास आर्जन गर्न नेपाल प्रहरीले सक्नुपर्छ। विगतमा बलात्कारपछि हत्या भएका धेरै घटनाको अहिलेसम्म सत्यतथ्य छानबिन नहुने र दोषी पक्राउ नपर्ने अवस्था हुँदा अहिले पनि प्रहरीमाथि आमनागरिकले आशंका र अविश्वासका रूपमा हेरिएको छ किनकि अनुसन्धानमाथि विश्वास नभए न्यायिक प्रक्रियामाथि पनि विश्वास रहँदैन।

सरकार र प्रहरी प्रशासनको मात्र होइन, नेपाली समाज र हर नागरिकको आआफ्ना जिम्मेवारी तथा दायित्वहरू छन्, सभ्य समाज निर्माणका लागि। छोरीहरूको सुरक्षाका लागि उनीहरूलाई शिक्षादीक्षा मात्र होइन, छोराछोरी सबैलाई असल व्यवहार र शिक्षाको पनि जरुरी छ। आफ्ना बालबालिका कहाँ जान्छन् ? कोसँग हिँड्छन् मात्र होइन, कोसँग नजाने र नहिँड्ने भन्ने पनि सिकाउन जरुरी छ। त्यसका लागि एउटा घटनापछि आक्रोशको आगो ओकेलेर मात्र पर्याप्त हुँदैन।


कानुन आफैंमा अपराध नियन्त्रणको प्रभावकारी उपाय होइन, अपराध गरेपछि उम्कन सकिँदैन भन्ने विश्वास हो। घर, विद्यालय, समुदाय, स्थानीय सरकार र प्रहरीबिच बालसुरक्षा संयन्त्रलाई प्रभावकारी बनाउनुपर्छ। गरिमाको नाममा स्मारकभन्दा बालिकामाथिको हिंसाविरुद्ध कठोर कानुन र सामाजिक अभियान आवश्यक छ। त्यसले छोरीहरूको मात्र होइन, सरकार र समाजको पनि गरिमा जोगिन्छ।



डा. चन्द्रमोहन यादव

# नानी गरिमालाई सम्झिँदा

**गरिमा सानी थिइन् तर उनले हामीलाई ठुलो प्रश्न छोडेर गएकी छन्, 'मजस्ता बालिकालाई सुरक्षित राख्ने समाज कहिले बनाउने ?' अब यसको उत्तर श्रद्धाञ्जलीका केही शब्दमा होइन, हाम्रो सामूहिक व्यवहार र राज्यको कार्यमार्फत देखिनुपर्छ।**




बलात्कारविरुद्ध सरकार र समाज दुवैले अझ गम्भीर हुनुपर्ने अवस्था आएको छ। तीन वर्षकी सानी बालिका गरिमा चौधरीमाथि भएको जघन्य अपराधले संवेदनशील हरेक नागरिकको मन विचलित बनाएको छ। यस्तो घटनापछि हाम्रो पहिलो प्रतिक्रिया स्वाभाविक रूपमा घृणा, आक्रोश, दुःख र दोषीलाई कडा कारबाहीको माग हुन्छ। तर एउटा गम्भीर प्रश्न हामीले आफैंलाई पनि सोध्नुपर्छ- के दोषीलाई सजाय दिलाउनु मात्र पर्याप्त हुन्छ ?

बलात्कार केवल एउटा आपराधिक घटना होइन। यो परिवार, शिक्षा, सामाजिक चेतना, लैंगिक संस्कार, आर्थिक तथा सामाजिक अवस्था, कानुनको उचित कार्यान्वयन र राज्यको शासन क्षमतासँग जोडिएको बहुआयामिक सामाजिक समस्या हो। त्यसैले सामाजिक सञ्जालमा केही औपचारिक शब्दहरू 'मृत आत्माप्रति श्रद्धाञ्जली', 'पीडित परिवारप्रति समवेदना', 'दोषीलाई कडा कारबाही होस्' लेखेर मात्र हाम्रो सामाजिक तथा राजनीतिक दायित्व पूरा भएको ठान्नु पर्याप्त हुँदैन। नेपालमा बलात्कारका घटना पछिल्ला वर्षहरूमा गम्भीर विषय बनेका छन्। नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्म देशभर १६ हजार ९६० बलात्कारका घटना प्रहरीमा दर्ता भएका थिए। प्रहरीको लैंगिक हिंसासम्बन्धी तथ्यांकले बालिका विशेष रूपमा जोखिममा रहेको देखाउँछ। आर्थिक वर्ष २०८०/८१ मा दर्ता भएका बलात्कार तथा अन्य यौन हिंसाका पीडितमध्ये ११-१४ वर्ष उमेर समूहका सात सय ७७, १५-१६ वर्षका ६ सय ७३ र १७-१८ वर्षका चार सय २९ जना थिए। १० वर्ष वा सोभन्दा कम उमेरका तीन सय ७६ बालिका पनि पीडित भएको तथ्यांकले देखाउँछ।

यसले एउटा कठोर सत्य हाम्रो अगाडि राख्छ- बलात्कार केवल वयस्क महिलाको सुरक्षासँग सम्बन्धित प्रश्न होइन, हाम्रा बालबालिका, विशेषतः किशोरी र साना बालिकाहरू पनि अत्यन्त संवेदनशील अवस्थामा छन्। अपराधीको उमेरसम्बन्धी तथ्यांक पनि विचारणीय छ। १९-२५ वर्ष उमेर समूहका एक हजार दुई सय ८१ पुरुष आरोपी, २६-३५ वर्षका नौ सय ९३२ र ३६-४५ वर्षका पाँच सय ८५ पुरुष आरोपी देखिन्छन्। १८ वर्षभन्दा कम उमेरका व्यक्तिहरू पनि आरोपीका रूपमा देखिन्छन्। अर्थात् यस अपराधलाई केवल एउटा उमेर समूह, वर्ग वा समुदायसँग जोडेर हेर्न मिल्दैन।

अझ गम्भीर कुरा के छ भने नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणअनुसार शारीरिक वा यौन हिंसा भोगेका महिलामध्ये ५८ प्रतिशतले न त सहयोग मागेका छन्, न त आफूले भोगेको हिंसाबारे कसैलाई बताएका छन्। यसको अर्थ प्रहरीमा दर्ता भएका घटनाले वास्तविक समस्याको पूर्ण तस्बिर नदिएको सम्भावना अत्यन्तै ठुलो छ। सामाजिक लज्जा, डर, पारिवारिक दबाब, आर्थिक निर्भरता, अपराधीको धम्की र न्यायिक प्रक्रियाप्रतिको अविश्वासले धेरै पीडितलाई मौन बस्न बाध्य बनाएको हुन सक्छ।

त्यसैले बलात्कारको समस्या बुझ्न हामीले अपराध भएपछि मात्र प्रतिक्रिया दिने होइन, अपराध हुनुअघि त्यसलाई रोक्ने सामाजिक र राज्य प्रणाली निर्माण गर्नुपर्छ।

यौनिक हिंसाको एउटै कारण हुँदैन। पितृसत्तात्मक सोच, महिलालाई वस्तुका रूपमा हेर्ने संस्कार, लैंगिक असमानता, यौनसम्बन्धी गलत धारणा, बालबालिकाको अपर्याप्त सुरक्षा, नशालु पदार्थको दुरुपयोग, कमजोर पारिवारिक निगरानी र दण्डहीनताको भावनाले जोखिम बढाउन सक्छन्।

गरिबी र बेरोजगारीलाई पनि पूर्ण रूपमा बेवास्ता गर्न मिल्दैन तर गरिबी आफैं बलात्कारको कारण होइन। आर्थिक तनाव, सामाजिक असुरक्षा, पारिवारिक तनाव र अवसरको अभावले कतिपय सामाजिक विकृति बढाउन सक्छन्। त्यसैले अपराध नियन्त्रणलाई आर्थिक तथा सामाजिक विकासबाट पूर्ण रूपमा अलग गरेर हेर्न सकिँदैन।

नेपालबाट ठुलो संख्यामा युवा वैदेशिक रोजगारीमा जाने गरेका छन्। यसले धेरै परिवारको संरचना र बालबालिकाको हेरचाहमा परिवर्तन ल्याएको छ। अभिभावकीय अनुपस्थिति, निगरानीको कमी र समुदायमा कमजोर सामाजिक सुरक्षा जस्ता अवस्थालाई पनि राज्यले गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्छ। यसलाई वैदेशिक रोजगारीसँग अपराधको प्रत्यक्ष कारणका रूपमा जोड्नु भने उचित हुँदैन तर बदलिँदो पारिवारिक संरचनाले बाल संरक्षणका नयाँ चुनौतीहरू सिर्जना गरेको तथ्यलाई बेवास्ता गर्न पनि मिल्दैन।

> हामी विद्यालयमा गणित, विज्ञान, अंग्रेजी एवं नयाँ प्रविधि पढाउँछौं तर बालबालिकालाई सम्मान, सहमति, लैंगिक समानता, आत्मनियन्त्रण, मानवीय मर्यादा, डिजिटल व्यवहार र अरूको शरीर तथा व्यक्तिगत सीमाको सम्मानबारे कति प्रभावकारी रूपमा सिकाउँछौं ?

यसैगरी, मानसिक स्वास्थ्य समस्या भएको व्यक्ति बलात्कारी हुन्छ भन्ने निष्कर्ष गलत र कलंकपूर्ण हुन्छ। अधिकांश मानसिक स्वास्थ्य समस्या भएका मानिसहरू हिंसात्मक हुँदैनन् तर गम्भीर व्यावहारिक समस्या, व्यक्तित्वसम्बन्धी समस्या, नशालु पदार्थको दुरुपयोग वा अन्य मनोसामाजिक समस्याहरू पहिचान र उपचारबिना रहनु तथा त्यससँग हिंसात्मक सोच, आत्मनियन्त्रणको कमी र लैंगिक विकृत धारणा जोडिनु जोखिम बढाउने कारक हुन सक्छ।

दीर्घकालीन समाधानको सबैभन्दा महत्त्वपूर्ण आधार गुणस्तरीय र मूल्यमा आधारित शिक्षा हो। हामी विद्यालयमा गणित, विज्ञान, अंग्रेजी एवं नयाँ प्रविधि पढाउँछौं तर बालबालिकालाई सम्मान, सहमति, लैंगिक समानता, आत्मनियन्त्रण, मानवीय मर्यादा, डिजिटल व्यवहार र अरूको शरीर तथा व्यक्तिगत सीमाको सम्मानबारे कति प्रभावकारी रूपमा सिकाउँछौं ?

शिक्षा केवल रोजगारी प्राप्त गर्ने माध्यम होइन, असल नागरिक निर्माण गर्ने प्रक्रिया पनि हो। बालबालिकालाई सानैदेखि 'केटा शक्तिशाली र केटी कमजोर' भन्ने संस्कारबाट मुक्त गराउनुपर्छ। छोरालाई पनि 'नाइँ'को अर्थ 'नाइँ' नै हो भनेर सिकाउनुपर्छ। छोरीलाई मात्र सावधान रहन सिकाएर समाज सुरक्षित हुँदैन, छोराहरूलाई जिम्मेवार, संवेदनशील र सम्मानजनक व्यवहार गर्न सिकाउनु पनि उत्तिकै आवश्यक छ।

कानुनको कुरा गर्दा नेपालमा बलात्कारका लागि कडा सजायको व्यवस्था छ तर कानुनमा सजाय कडा हुनु र व्यवहारमा अपराधीले समयमै सजाय पाउनु दुई फरक कुरा हुन्। प्रहरीमा उजुरी दर्ता भएपछि अनुसन्धान, अभियोजन, अदालतको प्रक्रिया र अन्तिम फैसलामा हुने ढिलाइले पीडित परिवारलाई लामो मानसिक, सामाजिक र आर्थिक पीडा भोग्न बाध्य बनाउँछ।

पीडित र तिनका परिवारले मुद्दाको सम्पूर्ण प्रक्रियामा भोग्नुपर्ने मानसिक तनाव र पीडालाई हाम्रो प्रहरी तथा न्यायिक प्रणालीले पर्याप्त रूपमा सम्बोधन गरेको देखिँदैन। यस विषयमा गम्भीर पुनरावलोकन तथा गहन अध्ययन-अनुसन्धान आवश्यक छ।

यसकारण हामीले केवल 'कडा कानुन'को माग गरेर पुग्दैन। कानुनको निश्चित, निष्पक्ष र समयमै कार्यान्वयन अझ महत्त्वपूर्ण हुन्छ। प्रहरीमा महिला तथा बालबालिकासम्बन्धी विशेष इकाइलाई पर्याप्त स्रोत, जनशक्ति र आधुनिक अनुसन्धान प्रविधि उपलब्ध गराउनुपर्छ। डिएनएलगायत वैज्ञानिक प्रमाणको प्रयोग बढाउनुपर्छ। बालबालिकाले आफ्नो पीडाको बयान पटक-पटक दोहोऱ्याउनुपर्ने अवस्था अन्त्य गरी बालमैत्री अनुसन्धान र न्यायिक प्रक्रियाको विकास गर्नुपर्छ।

सरकारलाई मात्र दोष दिएर हामी उम्कन सक्दैनौं। परिवारले बालबालिकाको कुरा सुन्ने वातावरण बनाउनुपर्छ। बच्चाले आफूले भोगेको कुनै असहज व्यवहार, स्पर्श वा धम्की सहजै अभिभावकलाई भन्न सक्ने वातावरण हुनुपर्छ। विद्यालय र शिक्षकले केवल पाठ्यक्रम पूरा गर्ने होइन, बाल सुरक्षा, नैतिक शिक्षा र जीवनोपयोगी सिपलाई पनि आफ्नो जिम्मेवारी ठान्नुपर्छ। धार्मिक तथा सामाजिक नेतृत्वले महिला र बालिकाप्रतिको सम्मान, समानता र अहिंसाको सन्देश समाजमा पुऱ्याउनुपर्छ। सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्ताको जिम्मेवारी पनि कम छैन। पीडितको पहिचान सार्वजनिक गर्ने, सनसनी फैलाउने वा अपुष्ट सूचना प्रसार गर्ने होइन, तथ्यमा आधारित जिम्मेवार पत्रकारिता र जनचेतना अभिवृद्धि गर्नुपर्छ।

राजनीतिक नेतृत्वले पनि यस्तो घटनालाई भाषण र सामाजिक सञ्जालका पोस्टमा सीमित गर्नुहुँदैन। संसद्मा कानुन, बजेट र नीतिगत सुधारका विषय उठाउनु, सरकारलाई जवाफदेही बनाउनु र पीडितलाई न्याय दिलाउन संस्थागत दबाब सिर्जना गर्नु राजनीतिक नेतृत्वको वास्तविक जिम्मेवारी हो।

सानी गरिमाको मृत्यु केवल एउटा परिवारको पीडा होइन, यो सम्पूर्ण समाजको पीडा हो। उनको नाम केही दिन सामाजिक सञ्जालमा चर्चामा रहने र त्यसपछि अर्को घटनाले त्यसलाई विस्थापित गर्ने हो भने हामीले केही सिकेका हुने छैनौं।

गरिमाप्रति साँचो श्रद्धाञ्जली केवल 'आत्माले शान्ति पाओस्' भन्नु होइन, दोषीलाई निष्पक्ष र समयमै न्यायको कठघरामा पुऱ्याउनु आवश्यक छ। तर त्यसभन्दा ठुलो श्रद्धाञ्जली भनेको भोलि अर्को गरिमाले यस्तो नियति भोग्न नपर्ने समाज निर्माण गर्नु हो। गरिमा सानी थिइन् तर उनले हामीलाई ठुलो प्रश्न छोडेर गएकी छन्, 'मजस्ता बालिकालाई सुरक्षित राख्ने समाज कहिले बनाउने ?' अब यसको उत्तर श्रद्धाञ्जलीका केही शब्दमा होइन, हाम्रो सामूहिक व्यवहार र राज्यको कार्यमार्फत देखिनुपर्छ।

*- यादव प्रतिनिधिसभा सदस्य हुन्।*

# दक्षिणपन्थी अतिवादको घेरामा संघीयता




लाओस राई

केही वर्षयता विश्व राजनीतिमा दक्षिणपन्थी अतिवाद र उग्रराष्ट्रवादको एउटा नयाँ र शक्तिशाली लहर देखा परिरहेको छ। यसको मतलब विश्वमा उदार लोकतन्त्रका स्थापित मूल्य-मान्यता, विकेन्द्रीकरण, समावेशी प्रणाली र बहुलवादलाई चुनौती दिँदै विश्वभर नै 'हामीविरुद्ध उनीहरू'को उग्र भाष्य निर्माण भइरहेको छ। आज यस लेखमा अन्तर्राष्ट्रिय राजनीतिमा वैश्विक तरंगलाई बुझ्न प्रयोग गरिने प्राज्ञिक ढाँचाहरू, नेपालको वर्तमान सामाजिक-राजनीतिक परिवेश र विशेष गरी संघीयतामाथि भइरहेका प्रहारहरूको विषयमा बहस केन्द्रित हुने छ।

दक्षिणपन्थी अतिवाद भनेको यस्तो उग्र राजनीतिक र सामाजिक विचारधारा हो, जसले आफ्नो जाति, धर्म, संस्कृति वा राष्ट्रलाई मात्र श्रेष्ठ ठान्छ र लोकतान्त्रिक मूल्य-मान्यता, सामाजिक समानता, बहुलवाद र अल्पसंख्यकका अधिकारहरूको पूर्ण रूपमा विरोधी विचारद्वारा निर्देशित व्यवस्था हो। यस विषयमा पनि अन्य विषयमा जस्तै राजनीतिशास्त्री एवं विद्वान्हरूले तर्क गरेका छन्। जसमध्ये राजनीतिशास्त्री क्यास मडेका अनुसार दक्षिणपन्थी अतिवादको मूल मर्म 'बहुसंख्यकवाद', 'निरंकुशता' र 'पपुलिज्म'को त्रिकोणमा आधारित हुन्छ। मडेको भनाइसँग मिल्ने उदाहरण पश्चिमा समाजमा 'श्वेत श्रेष्ठता' र 'आप्रवासी विरोधी' स्वरूपमा प्रकट भएको देखिन्छ। तथापि, त्यस्तै प्रवृत्तिको विचार नेपालमा भने यो 'एकात्मक राष्ट्रवाद', 'सनातन हिन्दु पहिचानको सर्वोच्चता' र 'संवैधानिक राजसंस्थाको मोह'का रूपमा प्रकट भइरहेका छन्। त्यस्तो पश्चगामी राजनीतिक-सांस्कृतिक पुनरुत्थानवादको पहिलो निसानामा २०६२/६३ को आन्दोलनबाट प्राप्त मुख्य उपलब्धि संघीयता भएको छ।

२०७२ को संविधानमार्फत नेपालले केन्द्रीकृत राज्यसत्ताको अन्त्य गर्दै अधिकारको निक्षेपण र बहुजातीय, बहुभाषिक पहिचानलाई स्विकार्ने संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गऱ्यो। जनताको जीवनशैली बनिरहेको व्यवस्थालाई अनेक थरीको अवरोध गरेर कार्यान्वयनको डेढ दशक नपुग्दै चौतर्फी रूपमा पुनरुत्थानवादी चुनौतीहरू सतहमा आइरहेका छन्। राजनीतिशास्त्री फ्रान्सिस फुकुयामाले आफ्नो पुस्तक 'पहिचान'मा उल्लेख गरेझैं 'जब द्रुत सामाजिक-राजनीतिक परिवर्तनका कारण कुनै समुदायले आफ्नो परम्परागत पहिचान, संस्कृति र सामाजिक मर्यादा गुमेको महसुस गर्छ, तब समाजमा आक्रोशको राजनीति जन्मिन्छ।'

आठ दशकदेखि जनताको निम्ति संघर्ष र क्रान्ति गरेका दलहरूप्रतिको नागरिकको सामान्य असन्तुष्टि र वितृष्णालाई चलाखीपूर्वक व्यवस्थाप्रतिकै वितृष्णामा बदल्दै कठोर/एकात्मक नेतृत्व र केन्द्रीकृत राज्यसंरचनाले मात्र देश बचाउन सक्छ भन्ने सोचलाई मलजल गरिरहेको छ। धार्मिक ध्रुवीकरणका प्रयासहरू र सोसल मिडियामार्फत एउटा संगठित सामाजिक-राजनीतिक दबाबका रूपमा प्रकट भइरहेका छन्। यसर्थ विश्वव्यापी रूपमा फैलिरहेको दक्षिणपन्थी लहर र नेपालभित्र बढ्दो पुनरुत्थानवादी सक्रियताको घेरामा नेपालको संघीयता कसरी जेलिँदै छ र यसले लोकतान्त्रिक भविष्यमा कस्तो प्रभाव पार्छ भन्ने कुरालाई प्राज्ञिक र तार्किक कसीमा राखेर विश्लेषण गर्नु आजको राजनीतिक बहसको अति नै आवश्यक भइसकेको छ।




**कसरी मौलाए दक्षिणपन्थी अतिवाद ?**

दक्षिणपन्थी अतिवाद कसरी मौलायो भन्ने विषयमा केन्द्रित भइरहँदा नेपाल राष्ट्र निर्माण हुँदाको पृष्ठभूमिमा के थियो भनेर जोडेर हेर्नुपर्छ। किनकि नेपालको राजनीतिक इतिहास र शासन व्यवस्था लामो समयदेखि एकात्मक र केन्द्रीकृत शासन व्यवस्थामा शासित थियो। तर डेढ दशकअघि मात्र परम्परागत मूल्य-मान्यता, दर्शन र आदर्शमा आधारित पुरानो विचार समूहबाट दीक्षित पुरातनवादीहरूको सामन्ती सत्ताको केन्द्रबिन्दु राजसंस्थाको समूल अन्त्य भएपछि राजसाही र उनका भिजिलान्तेहरू वा समर्थकहरू एक प्रकारले बिचल्ली भएका थिए। उनीहरू प्रतिशोध लिन भित्रभित्रै संगठित हुँदै थिए। राजसाहीलाई समर्थन गर्ने र पुरानो विचारको प्रतिनिधित्व गर्ने पुनरुत्थानवादीहरूले गणतन्त्र, संघीयता, समानुपातिक समावेशी, धर्मनिरपेक्षताजस्ता व्यवस्थालाई स्वीकार गरेकै थिएनन् र कहिल्यै पनि गर्दैनन् पनि। त्यसो हुनाले उनीहरूले गणतन्त्र घोषणा भएको पहिलो दिनदेखि नै माओवादी, कांग्रेस, एमालेलगायत परिवर्तनगामी दलहरूको क्रियाकलापहरू नियाली रहेका थिए। उनीहरू परिस्थितिको परिवर्तन कसरी हुन्छ भनी मुर्भिएको जस्तो मात्र गरिरहेका थिए। झन्डै डेढ दशकपछि नेपालको राजनीति अर्कै मोडमा पुग्यो। नयाँ परिस्थितिसँगै उनीहरू जुर्मुराइरहेका छन्। उनीहरू संविधान संशोधन गर्दै पुरानै अवस्थामा नेपाललाई लैजाने मोडमा पुगिरहेका छन् तर हिजोको परिवर्तनको नेतृत्व गर्ने प्रमुख पार्टीहरू माओवादी, कांग्रेस, एमालेलगायत मधेसवादी पार्टीहरू सडकमा पुगेका छन्। यस्तो अवस्था आउनुमा केवल उनीहरूको आन्तरिक सुशासनको असफलता मात्र होइन, शक्ति राष्ट्रहरूले नेपालमा आफ्नो स्वार्थअनुकूलको वातावरण बनाउन खेलिरहेको बहुआयामिक खेल, जिओपोलिटिकल खेल पनि उत्तिकै जिम्मेवार छ।

**सांस्कृतिक संशय र 'पहिचानको डर'को सुनियोजित प्रयोग**

२०७२ मा धर्मनिरपेक्ष र बहुसांस्कृतिक राज्य घोषित भयो, जसको मूल उद्देश्य राज्यका नजरमा सम्पूर्ण धार्मिक तथा सांस्कृतिक समुदायलाई समान अधिकार र सम्मान दिनु थियो। तर, दक्षिणपन्थी र पुनरुत्थानवादी समूहहरूले उदार लोकतान्त्रिक मर्मलाई तोडमोड गरी बहुसंख्यक हिन्दु समुदायमाझ 'हाम्रो परापूर्वकालदेखिको मौलिक पहिचान र संस्कृति खोसियो' भन्ने भ्रामक संशय फैलाए। उनीहरूले देशमा भइरहेका धर्म परिवर्तन वा पश्चिमी प्रभावका केही घटनालाई अतिरञ्जित रूपमा प्रस्तुत गर्दै 'सनातन धर्म र संस्कृति पूर्ण रूपमा संकटमा परेको' सांस्कृतिक असुरक्षाको डर पैदा गराउन सफलता पाए। वास्तवमा लोकतान्त्रिक संविधानले धार्मिक स्वतन्त्रता र प्रत्येक नागरिकको आस्थाको संरक्षण गरेको छ। तर, अतिवादीहरूले बहुसंख्यक समुदायको धार्मिक भावनालाई राजनीतिक हतियार बनाएर 'आफ्नो पहिचान रक्षाका लागि उग्र वा पुनरुत्थानवादी हुनुपर्छ' भन्ने रक्षात्मक मनोविज्ञान सिर्जना गर्न दक्षिणपन्थी अतिवाद सफल भयो।

**एकात्मक राष्ट्रवाद र संघीयताविरुद्धको पपुलिस्ट प्रचार**

नेपालमा लामो समयदेखि कायम रहेको 'एउटै भाषा, एउटै भेष, एउटै देश'को केन्द्रीकृत र एकात्मक सोच अझै पनि एउटा तप्कामा कायम छ। २०७२ मा संविधान बनेपछि संघीयताले सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुऱ्यायो र स्थानीय तहहरूलाई अधिकारसम्पन्न बनायो। तर, नयाँ व्यवस्था कार्यान्वयनका क्रममा प्रदेश सरकारहरूमा देखिएको राजनीतिक किचलो र केही प्रशासनिक खर्चलाई ढाल बनाएर अतिवादीहरूले 'संघीयता देश टुक्राउने विदेशी अजेन्डा हो' र 'यसले राज्यको ढुकुटी सिध्यायो' भन्ने उग्र-राष्ट्रवादी तथा पपुलिस्ट भाष्य निर्माण गरे। विविधता र बहुलवादलाई राष्ट्रिय शक्तिका रूपमा स्विकार्नुको साटो उनीहरूले यसलाई विखण्डनको खतराका रूपमा चित्रित गरेर उत्तेजना फैलाउने काम गरे। प्रदेश सरकारका केही सञ्चालनगत त्रुटिहरूलाई देखाएर सिंगो संघीय ढाँचा नै अनावश्यक भएको प्रचार गर्नु अतिवादीहरूको रणनीतिक चालबाजी मात्र थियो, जसले केन्द्रीकृत राज्यसंरचना र निरंकुश शासनतर्फ समाजलाई धकेल्ने सक्दो प्रयास भइरहेको छ।

**नागरिक असन्तोषलाई 'व्यवस्था विरोधी' बनाउने रणनीति**

जुनसुकै जीवन्त लोकतन्त्रमा पनि सुशासन, बेरोजगारी, महँगी वा भ्रष्टाचारजस्ता सवालहरूमा नागरिक असन्तोष हुनु स्वाभाविक प्रक्रिया हो। लोकतन्त्रले नागरिकलाई प्रश्न सोध्ने, विरोध गर्ने र चुनावमार्फत नेतृत्व बदल्ने अधिकार दिन्छ। तर, दक्षिणपन्थी अतिवादीहरूले राजनीतिक दल वा नेताहरूसँग नागरिकको रहेको स्वाभाविक असन्तोषलाई चलाखीपूर्वक 'दलहरू मात्र होइन, यो लोकतान्त्रिक गणतन्त्र र व्यवस्था नै असफल भयो' भन्ने गलत निष्कर्षमा मोड्ने काम गरे। त्यसको बदलामा उनीहरूले इतिहासका काला पक्षहरूलाई ओझेलमा पार्दै 'राजतन्त्र वा पुराना संस्थाहरूको समयमा देशमा शान्ति, स्वाभिमान र सुशासन थियो' भन्ने एउटा काल्पनिक मोह बेचे। लोकतन्त्रभित्रै रहेर सुधार खोज्नुको साटो नागरिकका आर्थिक-सामाजिक पीडालाई 'व्यवस्था ढाल्ने' राजनीतिक अजेन्डामा ढाल्नु नै दक्षिणपन्थी अतिवाद मौलाउनुको तेस्रो र सबैभन्दा खतरनाक आधार बन्यो।

**दक्षिणपन्थी अतिवादीले निर्माण गरेको भ्रम, पपुलिज्म र रणनीतिक भाष्य भत्काउनु के गर्नुपर्छ ?**

पहिलो कुरा, दलहरू पुनर्गठित हुनु जरुरी छ। त्यसपछि आन्तरिक सुधार गर्दै बाह्य भू-राजनीतिक दबाब र हस्तक्षेपलाई सामना गर्न सक्ने असंलग्न र दरिलो कूटनीतिक सामर्थ्य निर्माण गर्नुपर्छ। लोकतन्त्रले ल्याएका दूरगामी उपलब्धिहरू, समावेशिता, स्थानीय अधिकार र नागरिक स्वतन्त्रतालाई अझै सम्पन्न बनाउँदै, जनताका असन्तोष र सांस्कृतिक डरलाई राजनीतिक रोटी सेक्न प्रयोग गर्न नदिनु, अतिवादीहरूको रणनीतिक भ्रम र पपुलिज्मको भ्रम चिर्दै जनतामा पुनः विश्वासको वातावरण निर्माण गर्दै अझै अधिकारसम्पन्न बनाउन सक्रिय हुनुपर्छ। समाजवादउन्मुख उद्देश्यलाई पूर्णता दिन परिवर्तनगामी दलहरू कांग्रेस, माओवादी, नेपाली कम्युनिस्ट पार्टी एमालेले, नेमकिपा, एवं तराई-मधेस केन्द्रित दलहरू एक ढिका हुनुपर्छ। अन्यथा अवस्था झन् विकराल बन्दै जानेछ।

# प्रभु महालक्ष्मी लाइफको क्लब एचिभर्स अवार्ड सम्पन्न



काठमाडौं, भदौ ७ (नागरिक)- प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले अभिकर्ताहरूको उच्च तहअन्तर्गत चेयरम्यान क्लब तथा सिइओ क्लब एचिभर्स अवार्ड कार्यक्रम सम्पन्न गरेको छ। पोखरामा भदौ ४ देखि ७ गतेसम्म चार दिन सञ्चालन भएको कार्यक्रममा उत्कृष्ट व्यवसाय गर्ने अभिकर्ताहरूलाई सम्मान गरिएको हो। कम्पनीका सञ्चालक समिति अध्यक्ष सम्झना अर्यालले कार्यक्रम उद्घाटन गर्दै अभिकर्ता पेसालाई मर्यादित र सम्मानित रूपमा अघि बढाउँदै उत्कृष्ट व्यवसाय गर्ने अभिकर्ताको सम्मानले थप हौसला मिल्ने बताइन्। उनले आगामी दिनमा पनि कम्पनीबाट आवश्यक साथ र सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गरिन्।

प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंले लगनशीलता र निरन्तरताबाट प्राप्त सफलता नै दिगो सफलता भएको बताए। उनले टिमवर्कमार्फत आगामी वर्ष थप उपलब्धि हासिल गर्न सकिने विश्वास व्यक्त गरे। कार्यक्रममा आचार्य राजाबाबु साहले 'पावर अफ माइन्डसेट फर बिजनेस ग्रोथ' विषयमा प्रशिक्षण दिएका थिए। आर्थिक वर्ष २०८२/८३ मा उत्कृष्ट व्यवसाय गर्ने अभिकर्तालाई चेयरम्यान क्लब र सिइओ क्लब अवार्ड प्रदान गरिएको थियो।

# नेपाल डिस्टिलरिजलाई फ्लेम अवाड्र्समा चार सम्मान




काठमाडौं, भदौ ७ (नागरिक)- नेपाल डिस्टिलरिज प्रालि (एनडिपिएल) का दुई प्रमुख ब्रान्डका अभियानले फ्लेम अवाड्र्स एसिया २०२६ मा चार प्रमुख सम्मान जितेका छन्। भारतको नयाँ दिल्लीमा आयोजित समारोहमा कम्पनीका अभियानले दुई स्वर्ण, एक रजत र दक्षिण एसिया ग्रान्ड प्रिक्स प्राप्त गरेका हुन्।

'मेरो खुकुरी' अभियानले दक्षिण एसिया इमर्जिङ मार्केट क्याम्पेन र दक्षिण एसिया लास्ट-माइल इनोभेसन विधामा दुई स्वर्ण जितेको छ। उपभोक्तासँगको भावनात्मक सम्बन्धलाई केन्द्रमा राखेर तयार गरिएको अभियानले अपनत्व र आफ्नोपनलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको कम्पनीले जनाएको छ। त्यस्तै न्युडको 'जस्ट बी यु' अभियानले प्रतिष्ठित दक्षिण एसिया ग्रान्ड प्रिक्स जितेको छ। व्यक्तिगत पहिचान, प्रामाणिकता र आत्म-अभिव्यक्तिको अवधारणामा आधारित अभियानले सांस्कृतिक रूपमा सान्दर्भिक सञ्चारमार्फत प्रभाव सिर्जना गरेको थियो। 'पोखरा फ्ल्यास मोब' ले दक्षिण एसिया स्मल बजेट क्याम्पेन विधामा रजत अवार्ड प्राप्त गरेको छ। कम्पनीका अनुसार चारवटै सम्मानका अभियानको सिर्जनात्मक एजेन्सी आउटरिच नेपाल हो।

# एनआइसी एसिया बैंकद्वारा विद्यालयलाई सहयोग



काठमाडौं, भदौ ७ (नागरिक)- एनआइसी एसिया बैंकले छैमले, दक्षिणकाली नगरपालिका-८, काठमाडौंस्थित श्रीकृष्ण माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि पोशाक र शैक्षिक सामग्री सहयोग गरेको छ। बैंकले उक्त विद्यालयमा अध्यनरत २०६ भन्दा धेरै विद्यार्थीको पठन-पाठन अझ गुणस्तरीय र सहज बनोस् भन्ने उद्देश्यका साथ गरिब तथा जेहेन्दार विद्यार्थीका लागि भनेर ट्र्याकसुट, टिसर्ट र विभिन्न शैक्षिक सामग्री प्रदान गरेको छ। बैंकका काठमाडौं दक्षिण सर्कल हेड उज्ज्वल रिमाल र फर्पिङ शाखा प्रमुख सुदिप रेग्मीले उक्त विद्यालयका प्रधानाध्यापक रमेश आचार्यलाई उक्त सहयोग हस्तान्तरण गरेका हुन्।

# सिद्धार्थ बैंकबाट कर्पोरेट खाता अनलाइन खोल्न सकिने

Siddhartha Bank

काठमाडौं, भदौ ७ (नागरिक)- सिद्धार्थ बैंक लिमिटेडले व्यवसायी तथा कर्पोरेट ग्राहकका लागि अनलाइनमार्फत खाता खोल्न सकिने डिजिटल सेवा सञ्चालनमा ल्याएको छ। बैंकका अनुसार नेपालमा दर्ता भएका कम्पनी, फर्म, संस्था तथा अन्य व्यावसायिक ग्राहकले अनलाइन प्रक्रियाबाटै कर्पोरेट खाता खोल्न सक्नेछन्।

बैंकिङ सेवालाई सहज, सरल र प्रविधिमैत्री बनाउने उद्देश्यले सेवा सुरु गरिएको जानकारी बैंकले दिएको छ। यसअन्तर्गत ग्राहकले अनलाइन प्रणालीमार्फत आवश्यक विवरण तथा कागजात पेस गरी खाता खोल्ने प्रक्रिया अघि बढाउन सक्नेछन्। यसले खाता खोल्न लाग्ने समय र प्रक्रियागत झन्झट घटाउने बैंकको अपेक्षा छ। यद्यपि खाता सक्रिय गर्न आवश्यक प्रमाणीकरण तथा प्रक्रिया पूरा गर्न ग्राहकले सक्कल कागजातसहित आफूलाई पायक पर्ने सिद्धार्थ बैंकको शाखामा एक पटक भौतिक रूपमा उपस्थित हुनुपर्नेछ।

# सन नेपाल लाइफद्वारा मधेशका अभिकर्ता सम्मानित




काठमाडौं, भदौ ७ (नागरिक)- सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले मधेश प्रदेशअन्तर्गतका एजेन्सी डेभलपमेन्ट म्यानेजर (एडिएम) तथा इमर्जिङ सन क्लबमा योग्य अभिकर्तालाई सम्मान गरेको छ। बर्दिबास रिसोर्टमा आयोजित कार्यक्रममा विभिन्न शाखाका एडिएम, उत्कृष्ट अभिकर्ता, क्षेत्रीय प्रबन्धक तथा शाखा प्रमुखको सहभागिता थियो।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत राजकुमार अर्यालको प्रमुख आतिथ्य तथा प्रमुख बजार अधिकृत गणेश चौलागाईंको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा मधेश प्रदेश प्रमुख नवराज चौधरीले कम्पनीको बिक्री नीति २०८३/८४ तथा आगामी कार्यक्रमबारे जानकारी दिएका थिए। उनले नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्दै व्यवसाय विस्तारमा सक्रिय हुन अभिकर्तालाई आग्रह गरे।

# विद्युत्‌को समस्या समाधान गर्न मोरङका उद्योगीको माग

**विनोद सुवेदी**

*विराटनगर, भदौ ७*



मोरङ-सुनसरी औद्योगिक करिडोरको विद्युत् समस्या समाधान गर्न मोरङका उद्योगीहरूले माग गरेका छन्। मोरङ-सुनसरी औद्योगिक करिडोरमा लामो समयदेखि कायम अघोषित लोडसेडिङ, न्यून भोल्टेज र बारम्बार हुने ट्रिपिङको समस्या स्थायी समाधान गर्न उद्योगीहरूले माग गरेका हुन्।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठ समक्ष मोरङ उद्योग व्यापार संघ र उद्योग संगठन मोरङका पदाधिकारीहरूले भेट गरी १५ बुँदे ज्ञापनपत्रसमेत बुझाएको जानकारी मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठीले दिए। ज्ञापनपत्रमा मोरङ-सुनसरी औद्योगिक कोरिडोरमा नियमित र भरपर्दो विद्यत् आपूर्ति सुनिश्चित गर्न माग गरिएको छ। यस्तै वर्षौंदेखि अलपत्र परेका बर्जु र केरौन सबस्टेसनको निर्माण कार्य तत्काल सम्पन्न गर्न, कटहरी औद्योगिक क्षेत्रको प्रसारण क्षमता बढाउन पनि माग गरिएको छ। नयाँ बजेटमार्फत विद्युत् महसुलमा लगाइएको मूल्य अभिवृद्धि कर पूर्ण रूपमा खारेज गर्न माग गर्दै स्वदेशी उत्पादनको लागत घटाएर प्रतिस्पर्धी बनाउन डिमान्ड शुल्कमा कटौती गर्नुपर्ने र वर्षायाममा भारत निर्यात गरिने सरहकै सहुलियतपूर्ण दरमा स्वदेशी उद्योगलाई विद्युत् उपलब्ध गराउनुपर्ने माग पनि गरिएको जनाइएको छ।

नीतिगत सुधारतर्फ ५ देखि ५० मेगावाटसम्म आन्तरिक खपतका लागि उद्योगहरूलाई सहजै जलविद्युत् आयोजना निर्माणको अनुमति पत्र दिनुपर्ने, कम्तीमा एक अर्ब चुक्ता पुँजी भएका सक्षम कम्पनीहरूलाई पुँजीगत सबलताका आधारमा लाइसेन्स दिनुपर्ने सुझाव पनि उद्योगीहरूले दिएका छन्। पाँच वर्षभन्दा बढी समयदेखि काम नगरी अनुमतिपत्र ओगट्ने प्रवृत्ति तत्काल खारेज गर्नु पर्ने र पारदर्शी लिलामी प्रणाली लागु गर्नुपर्ने माग ज्ञापनपत्रमा गरिएको छ। उद्योगहरूले अनिवार्य रूपमा आफ्नो ट्रान्सफर्मरको नो लोड लसेस परीक्षण गर्नुपर्ने व्यवस्था खारेज गर्नुपर्ने, विद्युत् कटौतीको पूर्वसूचना अनिवार्य गर्नुपर्ने माग उद्योगीहरूको छ। विद्युत्‌को गुणस्तर सुधार गर्न तथा आर्थिक वर्ष २०७९/८० को बजेट अनुसार उद्योगहरूको हकमा विद्युत् महसुल छुटका व्यवस्थाहरूलाई निरन्तरता दिन अनुरोध गरिएको छ।

ज्ञापनपत्र बुझ्दै ऊर्जा मन्त्री विराजभक्त श्रेष्ठले निजी क्षेत्रको प्रोत्साहन र उद्योगको उत्पादन लागत घटाउन सरकार प्रतिबद्ध रहेको बताएका थिए। वर्षायामको विद्युत् स्वदेशमै खपत गराउन मौसमी महसुल र बढी खपत गर्ने उद्योगलाई सहुलियत दर दिने तयारी भइरहेको जानकारी मन्त्री श्रेष्ठले उद्योगीहरूलाई गराएका थिए। मोरङ-सुनसरी क्षेत्रमा निर्माणाधीन नौवटा नयाँ सबस्टेसन सञ्चालनमा आएपछि विद्युत् आपूर्ति भरपर्दो हुने विश्वास दिलाउनुका साथै उद्योग स्थापनाअघि नै विद्युत् पूर्वाधारको जानकारी दिने प्रणाली विकास गर्ने र आन्तरिक खपतबाटै अर्थतन्त्रलाई गतिशील बनाउने प्रतिवद्धता जनाएको उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले बताए।


## हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना!

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भूक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सूचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तससिल बमोजिमको चल अचल सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिन्छ। साथै ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवं सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्यहोरा यसै सुचनाद्वारा सूचित गरिन्छ। प्रकाशित सूचनाको म्यादभित्र ऋणी, व्यक्ति, फर्म, सोका प्रोप्राइटर, कम्पनी, सोका संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रक्रिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी, बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन कुनै बाधा पर्ने छैन। साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैंकले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पतिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पतिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सूचित गरिन्छ।

### तपसिल

| ऋणीको नाम | धितो विवरण |
| --- | --- |
| **शाखा कार्यालय: आर्दश शाखा, डोटी** | |
| घरेलु तथा साना उद्योग कार्यालय, राजपुर डोटीमा प्रा.फ.र.नं. ९८७/०७१/०७२ कायम भई मिति २०७१/०६/१० मा दर्ता भएको **महादेव सप्लायर्स (ऋणी)**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **खगेश्वरी पाठक**<br>व्यक्तिगत जमानी दिने: **कृष्ण देव पाठक**<br>**यसअघि प्रकाशित सूचना**: मिति २०८२।१०।२२ को नागरिक राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना।<br>मिति २०८३।०२।२६ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना। | हिमालयन बैक लि. धनि र महादेव सप्लायर्स ऋणी कायम भई दर्ता भएको सवारी दर्ता नं. सु.प.प्र ०१ ००१ क २३५९ इन्जिन नं. E413CDLM334551 चेसिस नं. MC2C9CRCOLM476831 को EICHER Pro 1049 CHSD Mini Truck, 2021 . |
| **शाखा कार्यालय: बन्निगढी शाखा, अछाम** | |
१०४. मालपोत कार्यालय झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला बैगुनधुरा गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. १७९०६२३ स्थित क्रमसः कित्ता नं. ३१७, ८९४ र ८९३ क्षेत्रफल क्रमसः क्रमशः २०३१.७८ (व.मि), ४७४०.८२ (व.मि) र ३८१९.१८ (व.मि.)को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१

१०५. मालपोत कार्यालय झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला पांचगाछी गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ग, कित्ता नं. २४८६ क्षेत्रफल १-२-६.५-० (बिघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१

१०६. मालपोत कार्यालय पर्सा, बिरगंजमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला हरपुर गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ५, स्थित क्रमसः कित्ता नं. ९०, ३३४ र ८८ क्षेत्रफल क्रमशः ०-१५-०-०, ०-१३-०-० र ०-१०-११-० (बिघा) को जग्गा र ऐ.ऐ. गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४, कित्ता नं. ६३ र ३५८, क्षेत्रफल ०-३-०-० र ०-०-१०-० (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ............१

क्रमश.पेज.नं..७ मा

# धेरैले एआईलाई सबै समस्याको एउटै समाधानका रूपमा हेर्छन्

कृत्रिम बौद्धिकता (एआई) तीव्र रूपमा कक्षाकोठामा प्रवेश गरिरहँदा प्रविधिले शिक्षकको भूमिकालाई कमजोर नबनाई सिकाइमा कसरी सुधार ल्याउन सक्छ भन्ने प्रश्न उठ्न थालेको छ। ब्रिटिस काउन्सिलका एडटेक इनोभेसन प्रमुख डा. एडम एडमेटले शैक्षिक प्रविधि, शिक्षण तथा डिजिटल सिकाइ क्षेत्रमा तीन दशकभन्दा बढी समयदेखि काम गर्दै आएका छन्। उनका अनुसार एआईले सामग्री निर्माण, प्रतिक्रिया प्रदान तथा सिकाइलाई व्यक्तिगत बनाउन सहयोग गर्न सक्छ, तर प्रभावकारी शिक्षणको केन्द्रमा रहेको मानवीय सम्बन्धलाई विस्थापित गर्न सक्दैन। हालै काठमाडौं भ्रमणका क्रममा उनले एआईले शिक्षामा पार्ने प्रभाव, यसको आलोचनात्मक प्रयोग नगर्दा उत्पन्न हुन सक्ने जोखिम तथा नेपालले एआईको लाभ सबै विद्यार्थीसमक्ष कसरी पुर्‍याउन सक्छ भन्ने विषयमा रिपब्लिकाकी **सारा पहारी**सँग कुराकानी गरेका थिए। प्रस्तुत छ कुराकानीको सम्पादित अंश :

**तपाईंले शिक्षा, अनुसन्धान र डिजिटल सिकाइको क्षेत्रमा झन्डै तीन दशक काम गर्नुभएको छ। विशेषगरी शिक्षकहरूमा एआईको प्रयोग बढ्दै जाँदा कस्ता परिवर्तन देखिरहनुभएको छ ?**

परिवर्तन निकै तीव्र गतिमा भइरहेको छ, विशेषगरी अंग्रेजी शिक्षाको क्षेत्रमा। सबैभन्दा ठूलो चिन्ताको विषय भनेको एआईको प्रयोगसम्बन्धी अपनत्व प्रशिक्षणभन्दा निकै अगाडि बढिसक्नु हो। विश्वभर करिब ७५ प्रतिशत शिक्षकले एआई प्रयोग गर्ने गरेको बताउँछन्, तर करिब २० प्रतिशतले मात्र औपचारिक प्रशिक्षण पाएका छन्। ७५ प्रतिशत मानिसले गाडी चलाइरहेका छन् तर २० प्रतिशतले मात्र गाडी चलाउन सिकेका छन् भने त्यो गम्भीर समस्या हो भनेर हामी बुझ्छौं। नेपालमा मैले देखेको अवस्था भने उत्साहजनक छ। एआई फोर एड परियोजनामा संलग्न शिक्षकहरूले एआईको सिर्जनात्मक प्रयोग गरिरहेको देखाएका छन्। उदाहरणका लागि, बहुभाषिक कक्षामा पढाउने एक शिक्षकले एआई प्रयोग गरेर अनुवादित सिकाइ कार्ड तयार गर्नुका साथै कक्षामा खेलहरू विकास गर्नुभएको छ। केही वर्षअघिसम्म यस्ता उपकरण उपलब्ध थिएनन्। यस्ता प्रविधिले विद्यार्थीको सिकाइलाई अझ आकर्षक बनाउन सक्छन्।

**विद्यार्थीहरू गृहकार्य र उत्तरका लागि एआईमा बढी निर्भर भइरहेका छन्, यसलाई सजिलो बाटोको सट्टा सिकाइको साधनका रूपमा कसरी प्रयोग गर्न सकिन्छ ?**

एआईमा प्रतिबन्ध लगाउनु सम्भवतः प्रभावकारी हुँदैन। किनकि यो व्यापक रूपमा पहुँचयोग्य भइसकेको छ। बरु हामीले विद्यार्थीलाई दिने कामको स्वरूप नै पुनर्विचार गर्नुपर्छ। विद्यार्थीलाई सामान्य खालको निबन्ध लेख्न भनियो भने उसले च्याटजिपिटी प्रयोग गरेर उत्तर तयार गरी बुझाउन सक्छ। त्यसबाट कुनै सिकाइ हुँदैन। यसको एउटा समाधान एआई साक्षरता विकास गर्नु हो। विद्यार्थीले एआईले आफूलाई कुनै काम गर्न सहयोग गरिरहेको छ कि आफूले सिक्नुपर्ने कुरा नै सिक्नबाट रोकिरहेको छ भन्ने बुझ्न आवश्यक छ। सिकाइका लागि संघर्ष, आत्मचिन्तन र आलोचनात्मक सोच आवश्यक हुन्छ।

मैले हालै एउटा प्रस्तुतिमा एनिमेसनको समस्या समाधान गर्न एआईको प्रयोग गरेको थिएँ। त्यो ठीक थियो, किनकि मैले पावरपोइन्टको प्राविधिक प्रक्रिया सिक्न आवश्यक थिएन, तर शिक्षा फरक विषय हो। एआईले सिकाइलाई सहयोग गरिरहेको छ कि सिकाइलाई नै विस्थापित गरिरहेको छ भन्ने सुनिश्चित गर्नुपर्छ।



डा. एडम एडमेट, *प्रमुख, ब्रिटिस काउन्सिलका एडटेक इनोभेसन*

**नेपालको सन्दर्भमा एआईलाई शिक्षामा अपनाउन देश कत्तिको तयार छ ?**

म यहाँ केही दिन मात्र भएको छु, तर मैले देखेको अवस्था उत्साहजनक छ। एआई फोर एड परियोजनाको अनुसन्धानले सीमित प्रशिक्षणका बाबजुद तीनचौथाइभन्दा बढी शिक्षकले एआई प्रयोग गरिरहेको देखाएको छ। एआई प्रयोग गर्ने रुचि र नयाँ कुरा परीक्षण गर्ने इच्छाशक्ति स्पष्ट देखिन्छ। अनुसन्धानले केही चुनौती पनि देखाएको छ। महिलाहरू एआई प्रयोग गर्ने सम्भावनामा तुलनात्मक रूपमा पछाडि छन्। यसको एउटा कारण पारिवारिक तथा घरायसी जिम्मेवारीका कारण नयाँ प्रविधिमा संलग्न हुन उनीहरूसँग कम समय हुनु हो। उमेर पनि अर्को कारक देखिएको छ। सामान्यतः उमेर बढी भएका शिक्षकले एआई कम अपनाउने गरेका छन्। समग्रमा उत्साह प्रशस्त छ। चुनौती भनेको सुरक्षित र जिम्मेवार प्रयोगका लागि स्पष्ट दिशानिर्देशसहित एआईको प्रयोग विस्तार गर्नु हो।

**शिक्षामा एआईको प्रयोग विस्तार गर्दा नेपालले कुन विषयलाई प्राथमिकता दिनुपर्छ ?**

यसका लागि एउटा मात्र प्राथमिकता तोक्न सकिँदैन। एआईमा पहुँचसँगै एआई साक्षरता, नैतिकता, गोपनीयताको सुरक्षा र जवाफदेहिता पनि आवश्यक हुन्छ। मानिसहरूले पूर्वाग्रह कसरी पहिचान गर्ने, एआईले तयार गरेको जानकारीमाथि कसरी प्रश्न गर्ने र एआई प्रणालीले गल्ती गर्न वा गलत जानकारी सिर्जना गर्न सक्छ भन्ने बुझ्न आवश्यक छ। सन्तुलित दृष्टिकोण अत्यावश्यक छ। एउटा क्षेत्रमा मात्र ध्यान दिएर अन्य पक्षलाई बेवास्ता गर्दा नयाँ समस्या सिर्जना हुन सक्छ।

**एआईले अन्ततः शिक्षकलाई विस्थापित गर्न सक्छ भन्ने चिन्ता बढिरहेको छ, तपाईंलाई के लाग्छ ?**

छैन। एआईले शिक्षणमा परिवर्तन ल्याउने छ। तर शिक्षकलाई विस्थापित गर्ने छैन। शिक्षण भनेको सूचना प्रदान गर्नु मात्र होइन; शिक्षकले भावनात्मक सहयोग गर्छन्, सम्बन्ध निर्माण गर्छन् र विद्यार्थीलाई व्यक्तिका रूपमा विकास गर्न सहयोग गर्छन्। एआईले यी मानवीय गुणलाई दोहोर्‍याउन सक्दैन। मलाई चिन्ता लाग्ने विषय भनेको विश्वव्यापी शिक्षक अभाव हो। केही क्षेत्रमा शिक्षकको अभाव पूर्ति गर्न एआई प्रणाली प्रयोग गर्ने दबाब आउन सक्छ। त्यो गल्ती हुनेछ र यसले विद्यमान असमानतालाई अझ गहिरो बनाउन सक्छ।

**नेपालजस्तो देशले एआईका कारण शिक्षामा नयाँ असमानता सिर्जना हुन नदिन के गर्नुपर्छ ?**

यो विषय एआईमा मात्र सीमित छैन। यसमा पूर्वाधार, इन्टरनेट कनेक्टिभिटी, उपकरण र डिजिटल साक्षरता पनि जोडिन्छन्। त्यस्तै कम देखिने डिजिटल विभाजनहरू पनि छन्। एउटै प्रविधिमा सबैको पहुँच भए पनि मानिसहरूबिच फरक देखिन सक्छ। उदाहरणका लागि शुल्क तिरेर प्रयोग गरिने एआई उपकरणले निःशुल्क संस्करणको तुलनामा बढी उन्नत सुविधा र बलियो गोपनीयता सुरक्षा प्रदान गर्न सक्छन्। त्यसैले असमानता समाधान गर्न पूर्वाधारमा लगानी गर्नुका साथै डिजिटल वातावरणमा रहेका पहुँच र अवसरका विभिन्न तहमा पनि ध्यान दिनुपर्छ।

**मानिसहरूले शिक्षामा एआईका बारेमा सबैभन्दा बढी के गलत बुझिरहेका छन् ?**

धेरै मानिसले एआईलाई सबै समस्याको एउटै समाधानका रूपमा हेर्छन्। विगतमा पनि शैक्षिक प्रविधिका नयाँ लहरहरूमा हामीले यही अवस्था देखेका छौं। नयाँ उपकरण आउँछन् र तिनलाई शिक्षाका सबै चुनौती समाधान गर्ने माध्यमका रूपमा प्रस्तुत गरिन्छ। एआई शक्तिशाली प्रविधि हो, तर यसले हरेक समस्या समाधान गर्दैन। शिक्षा प्रणाली परिवर्तन हुन समय लाग्छ। धेरै अवस्थामा यो राम्रो कुरा पनि हो, किनकि शिक्षा प्रणाली बालबालिकाको कल्याण र विकासप्रति जिम्मेवार हुन्छ।

**राम्रो शिक्षणले दिने तर एआईले दोहोर्‍याउन नसक्ने एउटा कुरा के हो ?**

व्यक्तिगत सम्बन्ध। एआईले विद्यार्थीको काम विश्लेषण गरेर उपयोगी प्रतिक्रिया दिन सक्छ, तर उसले विद्यार्थीका परिस्थिति, चुनौती वा आकांक्षा बुझ्दैन तर शिक्षकले बुझ्छन्। सबैभन्दा आशाजनक भविष्य भनेको एआई र शिक्षकले एकअर्कालाई पूरक बनाउने अवस्था हो, जहाँ प्रविधिको क्षमता र मानवीय समझदारी एकसाथ प्रयोग हुन्छ।

**एआई प्रयोग हुने आदर्श कक्षाकोठा कस्तो हुनुपर्छ ?**

आजका राम्रा कक्षाकोठा जस्तै, जहाँ शिक्षक केन्द्रमा हुन्छन्। एआईले सिकाइलाई सहयोग गर्नुपर्छ, मानवीय अन्तरक्रियालाई विस्थापित गर्नु हुँदैन। उत्साहजनक कुरा के छ भने केही एआई विकासकर्ताले शिक्षकका चिन्तालाई सम्बोधन गर्न थालेका छन्। विद्यार्थीलाई सिधै उत्तर दिनुको सट्टा नयाँ प्रणालीले प्रश्न र संवादमार्फत समस्याको समाधानतर्फ विद्यार्थीलाई अघि बढाउन थालेका छन्। यस्तो दृष्टिकोण वास्तविक सिकाइ कसरी हुन्छ भन्ने प्रक्रियासँग धेरै बढी मेल खान्छ।

**तपाईं एआई र शिक्षाका विषयमा केही भन्न चाहनुहुन्छ ?**

नेपालमा मलाई सबैभन्दा प्रभावित बनाएको कुरा शिक्षकहरूको आलोचनात्मक सोच हो। मानिसहरूले एआईबाट प्राप्त परिणामलाई आलोचनात्मक रूपमा नस्वीकारी सोचविचार गरी प्रयोग गर्दा मात्रै एआई सबैभन्दा उपयोगी हुन्छ। एक शिक्षकले मलाई भन्नुभयो- च्याटजिपीट वा जेमिनाईले एकजना पाठकका लागि १० वटा सुझाव दियो, तर उनले तीमध्ये आठवटा आफ्ना विद्यार्थीका लागि उपयुक्त नभएकाले अस्वीकार गरिन्। एआईले तयार गरेको सामग्रीमाथि प्रश्न गर्ने र त्यसको मूल्यांकन गर्ने शिक्षकहरूको क्षमता आशाजनक पक्ष हो।

- **सिकाइका लागि संघर्ष, आत्मचिन्तन र आलोचनात्मक सोच आवश्यक हुन्छ।**
- **एआई प्रयोग गर्ने सम्भावनामा महिलाहरू तुलनात्मक रूपमा पछाडि छन्।**
- **धेरै मानिसले एआईलाई सबै समस्याको एउटै समाधानका रूपमा हेर्छन् व्यक्तिगत सम्बन्ध। एआईले विद्यार्थीको काम विश्लेषण गरेर उपयोगी प्रतिक्रिया दिन सक्छ, तर उसले विद्यार्थीका परिस्थिति, चुनौती वा आकांक्षा बुझ्दैन तर शिक्षकले बुझ्छन्।**
- **केही एआई विकासकर्ताले शिक्षकका चिन्तालाई सम्बोधन गर्न थालेका छन्।**
- **आईले तयार गरेको सामग्रीमाथि प्रश्न गर्ने र त्यसको मूल्यांकन गर्ने शिक्षकहरूको क्षमता आशाजनक पक्ष हो।**

पेज नं. ६ को बाँकी

१०७.मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला इमाडोल गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. १०२१२२७१७, कित्ता नं. १३७ क्षेत्रफल ९७.४५ (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........................१
१०८. मालपोत कार्यालय ढल्केबर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला ढल्केबर गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७क, कित्ता नं. ७४१ र ७४३ क्षेत्रफल ०-०-१५-११ र ०-३-१०-० (बिघा)को घर/जग्गा र ऐ.ऐ. वडा नं. वडा नं. ४ नक्सा सिट नं. ४ख, कित्ता नं. ८८५, क्षेत्रफल ०-०-१३-० (बिघा) को घर/जग्गा तथा उक्त घर/गजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........................१
१०९.मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता काम रहेको दोलखामा जिल्ला चरिकोट गा.वि.स. वडा नं. १ नक्सा सिट न १५८१२४६१, कित्ता नं. ३१९९ र ३१६५ क्षेत्रफल २२९० (वर्ग मि.) र ३४०० (वर्ग मि.) ऐ.ऐ. वडा नं. २ नक्सा सिट न १५८१५७५, कित्ता नं. ५७० र ६६५ क्षेत्रफल ४८०० (वर्ग मि.) र १२०० (वर्ग मि.) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
११०.मालपोत कार्यालय सिराहामा दर्ता श्रेष्ता कायाम रहेको सिराहामा जिल्ला दहीपौंडी गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २, कित्ता नं. ३०४ र ३०२७ क्षेत्रफल ०-६-०-० र ०-१०-१३-० (बिघा) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
१११.मालपोत कार्यालय रंगेली, मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङमा जिल्ला झुर्किया गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९च, कित्ता नं. ३१६ र ३२० क्षेत्रफल ०-२-०-० र ०-७-०-० (बिघा) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
११२.मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको झापामा जिल्ला पाराखोपी गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ६, कित्ता नं. ४५०९ क्षेत्रफल ०-२-०-० (बिघा)को घर/जग्गा, ऐ.जि. गरामुनी गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. १७९०१९८, कित्ता नं. ४०१ क्षेत्रफल ३७२४.९३ (वर्ग) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
११३.मालपोत कार्यालय कन्चनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरीमा जिल्ला कन्चनपुर गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९ख, कित्ता नं. १६९ र १६८ क्षेत्रफल ०-१-२.५-० र ०-१-२.५-० (बिघा) र ऐ.ऐ. वडा नं. ४ नक्सा सिट नं. ४, कित्ता नं. १८३३ क्षेत्रफल ०-०-१३-० (बिघा) को घर/जग्गा तथा उक्त घर/जकग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ........१
११४.मालपोत कार्यालय पोखरा, कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला अर्घौं गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ०९४०९६७१, कित्ता नं. ४९६ र ४९७ क्षेत्रफल १-१५-२-१ र ०-११-०-० (रोपनी)को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
११५. मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नेत्रगञ्ज गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २ख, स्थित कि.नं १९९ क्षेत्रफल ०-२-१२-८ (बिघा) को घर/जग्गा, ऐ.ऐ. सर्लाही जिल्ला हरिपुर वडा नं. ८ नक्सा सिट नं. ८ख, कित्ता नं. १३१ क्षेत्रफल ०-१७-१०-० (बिघा) को घर/जग्गा र सर्लाही जिल्ला जब्दि गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ठ, कित्ता नं. २२७ क्षेत्रफल १-८-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.........१
११६.मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेष्ता कायम रहेको नुवाकोट जिल्ला रातामाटे गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७, स्थित कि.नं १३१२ क्षेत्रफल १-१०-२-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.........१
११७.मालपोत कार्यालय इलाममा दर्ता श्रेष्ता कायम रहेको इलाम जिल्ला इलाम न.पा. वडा नं. ३, नक्सा सिट नं. ३क, स्थित कि.नं २५३२, क्षेत्रफल ०-९-२-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.........१
११८. मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल गा.वि.स. वडा नं. ५, सिट नं. ५, स्थित कित्ता नं. क्रमसः २४३९, २४४०, २४९७ र २४९६, क्षेत्रफल क्रमस : १-०-०-०, ५-०-०-१, ०-१४-१-० र १-९-३-० (रोपनी) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .............१
११९.मालपोत कार्यालय कैलालीमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला सितापुर (मनिकापुर) गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८, स्थित कि.नं १८१२ र २८८३, क्षेत्रफल २७९.००(वर्ग मि.) र २७९. (वर्ग मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.........१
१२०.मालपोत कार्यालय मोरङमा दर्ता श्रेष्ता कायम रहेका मोरङ जिल्ला बुधनगर गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. १७८१०२६ स्थित कि.नं. २०४ र १४८ क्षेत्रफल १४०६.०० र २६७५.०० (वर्ग मि.) को जग्गा, ऐ.ऐ. वडा नं. ८, नक्सा सिट नं. १७८१०६६ कित्ता नं. ३५६ र ३६ क्षेत्रफल ५६९५.०० र २८५०.०० (वर्ग मि.)को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१
१२१.मालपोत कार्यालय मोरङमा दर्ता श्रेष्ता कायम रहेका मोरङ जिल्ला हरैचा गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९ग, स्थित कि.नं. ३६५६ क्षेत्रफल ०-१-०-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१
१२२.मालपोत कार्यालय मोरङमा दर्ता श्रेष्ता कायम रहेका मोरङ जिल्ला बुधनगर गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. १७८१०२५ स्थित कित्ता नं. १०५५ क्षेत्रफल २०३.०० (वर्ग मि.) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१
१२३.मालपोत कार्यालय मोरङमा दर्ता श्रेष्ता कायम रहेका मोरङ जिल्ला विराटनगर न.पा वडा नं. ११, नक्सा सिट नं. ११क, स्थित कि.नं. १२६४ क्षेत्रफल ०-०-१०-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१
१२४.मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता श्रेष्ता कायम रहेका रौतहट जिल्ला पिप्रा पोखरीया गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८, स्थित कित्ता नं. ३५४ क्षेत्रफल ०-४-१२-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१
१२५. मालपोत कार्यालय गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेका रौतहट जिल्ला सबगढा गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ६, स्थित कि.नं. १०६७ क्षेत्रफल ०-१-१७-८ (विघा) को जग्गा तथा ऐ.ऐ. सबगढा गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ६क, स्थित कि.नं. १०६९ क्षेत्रफल ०-१-१५-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...................................१
१२६. मालपोत कार्यालय गौर रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला पचरुखी गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २, स्थित कि.नं. क्रमसः ६६१, ७२६ र ७२७ क्षेत्रफल क्रमशः ०-१-१४-८, ०-२-१०-० र ०-३-१-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...................................१
१२७.मालपोत कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पूर्व) दर्ता श्रेष्ता कायम रहेका नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्ला तम्सरिया गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८क स्थित कित्ता नं. ३६५ र ३६४ क्षेत्रफल ०-१-६-० र ०-३-१४-० (विघा) को जग्गा र ऐ.ऐ. वडा नं. ८ नक्सा नं ८ख, स्थित कित्ता नं ४८३ क्षेत्रफल ०-५-१८-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१
१२८.मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेका चितवन जिल्ला, बछयौली गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ३क, स्थित कि.नं. १०३२ क्षेत्रफल ०-२-०-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१
१२९. मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम रहेका दोलखा, जिल्ला चरिकोट गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १ स्थित कित्ता नं. २६५० र २६७७ क्षेत्रफल ३३३.०० र २००.०० (वर्ग.मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..................१
१३०.मालपोत कार्यालय कावासोती नवलपरासी (वर्दघाट सुस्ता पूर्व)मा दर्ता श्रेष्ता कायम रहेका नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्ला गैडाकोट गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८क स्थित कित्ता नं. क्रमसः २४३५, २४३६ र ४६९६ क्षेत्रफल क्रमश ०-२-०-२, ०-२-१-१ र ०-१-३-२ (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१
१३१.मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेका तनहुँ जिल्ला फराकचौर गा.वि.स. वडा नं. ९, नक्सा सिट न ९ख, स्थित किता न. क्रमसः ४१६, २००६ र २०४९, क्षेत्रफल क्रमसः ०-२-०-०, ०-१-१-० र ०-३-३-० (रोपनी) को जग्गा र ऐ.ऐ., वडा नं. ९, नक्सा सिट न ९ठ, कित्ता नं. ५८ क्षेत्रफल ०-१२-३-१ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१
१३२.मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेका तनहुँ जिल्ला कर्लुङ गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २ख, कित्ता नं. ६७ क्षेत्रफल १५-६-०-३ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१
१३३.मालपोत कार्यालय सुनसरीमा दर्ता श्रेष्ता कायम रहेका सुनसरी, जिल्ला दुहवी गा.वि.स वडा नं. ४, नक्सा सिट नं. ४ख, स्थित कि.नं. ६२२ र ६२३ क्षेत्रफल ०-५-४-० र ०-५-४-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................
१३४.मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा दर्ता श्रेष्ता कायम रहेका नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा जिल्ला प्रगतिनगर गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९ग, स्थित कित्ता नं. ५७६ र ५९४ क्षेत्रफल ०-०-११-० र ०-०-३-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...............१
१३५.मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेका चितवन जिल्ला पार्वतीपुर गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४, स्थित कित्ता नं. ४६९ र ७५५ क्षेत्रफल ०-१-१९-० र ०-१०-१-० (विघा)को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ............१
१३६.मालपोत कार्यालय मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेका मोरङ्ग जिल्ला दुलारी गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८घ, स्थित कित्ता नं. १२३ क्षेत्रफल ०-१३-२-२ (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१
१३७.मालपोत कार्यालय कटारी उदयपुरमा दर्ता श्रेष्ता कायम रहेका उदयपुर जिल्ला रिस्कु गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८च, स्थित कित्ता नं. १९५ र ८३ क्षेत्रफल ०-१६-७-० र ०-६-४-० (विघा) को जग्गा र ऐ.ऐ, वडा नं. ८, नक्सा सिट नं.८ङ, स्थित कित्ता नं. १२ र १८५ क्षेत्रफल ०-१३-१३-० र ०-२-१७-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१
१३८. मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेका चितवन, जिल्ला कुमरोज गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ३क, स्थित कि.नं. ४३९ र ४५६ क्षेत्रफल ०-१-०-० र ०-१-८.५-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...........१
१३९.मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा दर्ता श्रेष्ता कायम रहेका नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला अर्ग्यौली गा.वि.स वडा नं. ३, नक्सा सिट नं. ३, स्थित कि.नं. १३५७ क्षेत्रफल ०-१-०-० (विघा) को जग्गा, ऐ.ऐ. वडा नं. ४, नक्सा सिट नं. ४क, स्थित कित्ता नं. ७२४ र ९४५ क्षेत्रफल ०-३-१०-० र ०-१-०-० (विघा) को जग्गा र ऐ.ऐ. वडा नं. ५, नक्सा सिट नं. ५ख, स्थित कित्ता नं. ११९६ क्षेत्रफल ०-०-१०-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१
१४०.मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा दर्ता श्रेष्ता कायम रहेका नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला तमसरिया गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७ङ, स्थित कित्ता नं. ६८ र ६१ क्षेत्रफल ०-२-३-० र ०-१-१-० (विघा)को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ............१
१४१. मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता श्रेष्ता कायम रहेका सुनसरी, जिल्ला सिंगिया गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १ख, कित्ता नं. ९५९ र ३८२ क्षेत्रफल ०-१-०-० र ०-२-०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..................१
१४२. मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेका मकवानपुर, जिल्ला हेटौडा न.पा. वडा नं. १०, नक्सा सिट नं. १०, स्थित कित्ता नं. २४३ क्षेत्रफल ०-०-६.७५-० (विघा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ..................१
१४३.मालपोत कार्यालय बर्दिवास महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेका महोत्तरी जिल्ला २५ न. बहादुरगंज गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ५, स्थित कित्ता नं. क्रमसः १११३, १११४, १११९, १११२, १११८, ८९९, २८५९, ५७९, र ५७६ क्षेत्रफल क्रमसः ०-०-३.५-०, ०-०-२-०, ०-०-४-०, ०-०-३.५-०, ०-०-६-०, ०-१-०-०, ०-०-७-०, ०-०-४-० र ०-०-१६-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..................१
१४४.मालपोत कार्यालय गौशाला, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेका महोत्तरी, जिल्ला औरही गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ३क, स्थित कि.नं. ९७८ र ९७७ क्षेत्रफल ०-०-११-० र ०-०-६-० (विघा) को घर/जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत . .......१
१४५. मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेका महोत्तरी, जिल्ला १५ न. बहादुरगंज गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २ख, स्थित कित्ता नं. ४९२ क्षेत्रफल ०-२-०-० (विघा) को जग्गा र ऐ.ऐ वडा नं. १, नक्सा सिट नं. १, स्थित कि.नं. ५३६ क्षेत्रफल ०-३-१५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..................१
१४६. मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेका भक्तपुर, जिल्ला नंखेल गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९ख, स्थित कित्ता नं. क्रमसः ५४७, ५५०, १२७२, २१९१ र ५४६ क्षेत्रफल क्रमसः २-७-०-०, ०-१२-०-०, १-३-१-०, ०-१४-१-० र १-९-०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..................१
१४७. मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेका भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं. ३, नक्सा सिट नं. १०२११५०१४ स्थित कि.नं. १७५ क्षेत्रफल २४८.४३ (वर्ग मि.)को जग्गा, ऐ.ऐ. वडा नं. ३, नक्सा सिट नं. १०२११५०१५ स्थित कि.नं. १७२ क्षेत्रफल २९२.१४ (वर्ग मि.) को घरजग्गा र ऐ.ऐ. वडा नं. ४, नक्सा सिट नं. ४ग, स्थित कित्ता नं. ८०० क्षेत्रफल ०-९-०-० (रोपनी)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ...................................१

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
मिति २०८३/०५/२२ गते सोमबार, कार्यालय समय भित्र।

**बोलपत्र खोलिने मिति, समय र स्थान :**
मिति २०८३/०५/२३ गते मंगलबार, दिनको ३:०० बजे।
बैंकको प्रधान कार्यालय, कर्जा असुली बिभाग, बबरमहल, काठमाण्डौं।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डमा नासा सेक्युरिटीज




काठमाडौं, भदौ ७ (नागरिक)- नेपाली खेलकुदको प्रतिष्ठित एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड र नासा सेक्युरिटजले यस वर्ष पनि सहकार्य गर्ने भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को आयोजना २०५२ सालदेखि हुँदै आएको अवार्डको २३औं संस्करण भदौ १८ गते हुने तय छ। आइतबार एक कार्यक्रममा नेपाल खेलकुद पत्रकार मञ्च र नासा सेक्युरिटिज कम्पनी लिमिटेड बिच सम्झौता नवीकरण भएको हो। मञ्चका महासचिव अञ्जन खड्का र नासा सेक्युरिटिजका अध्यक्ष मदन पौड्यालले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए। सम्झौतासँगै नासा सेक्युरिटीज अवार्ड २०८२ को स्टक ब्रोकरेज पार्टनर बनेको छ। नासा सेक्युरिटिजले अवार्डमा सहप्रायोजन र मञ्चले नासालाई अवार्डको स्टक ब्रोकरेज पार्टनरका रूपमा प्रवर्धन गर्नेछ।

नेपाली खेलकुद पत्रकारहरूको छाता संगठन नेपाल खेलकुद पत्रकार मञ्चले खेलकुद पत्रकारिताको विकाससँगै नेपाली खेलाडी, प्रशिक्षक र खेलकर्मीको योगदानलाई सम्मान र प्रोत्साहन गर्ने विभिन्न कार्यक्रम गर्दै आएको छ। मञ्चले पल्सर स्पोर्ट्स अवार्डमार्फत नेपाली खेलकुद क्षेत्रका उत्कृष्ट खेलाडी, प्रशिक्षक तथा खेलकर्मीलाई हरेक वर्ष सम्मान गरिरहेको छ। नासा सेक्युरिटिज पुँजी बजार तथा धितोपत्र कारोबार क्षेत्रमा सेवा प्रदान गर्दै आएको अग्रणी कम्पनी हो। अवार्ड २०८२ का लागि पिपुल्स च्वाइस विधाको मनोनयन सार्वजनिक भइसकेको छ। यसपल्ट फुटबलकी पूजा राना, मिक्स मार्सल आर्ट्स (एमएमए) का रवीन्द्र ढाँट, क्रिकेटका शेर मल्ल, करातेकी सानुमाया थिङ र भलिबलकी मीना सुनार यो विधाको मनोनयनमा छन्।

मनोनयनमा परेका खेलाडीहरूलाई खल्ती वालेट, एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डको फेसबुक पेज र पल्सर नेपालको फेसबुक पेजबाट मत दिन सकिनेछ। एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८२ मा ९ विधामा वर्षको उत्कृष्ट खेलाडी पुरुष, उत्कृष्ट खेलाडी महिला, युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पिपुल्स च्वाइस अवार्ड, लाइफटाइम अचिभमेन्ट अवार्ड, स्पेसल अवार्ड, पारा एथ्लिट अनर र एसियन स्पोर्ट्स जर्नलिष्ट अवार्ड प्रदान गरिनेछ।

# एनभिएलको ट्रफी सार्वजनिक




काठमाडौं, भदौ ७ (नागरिक)- पहिलोपल्ट हुन लागेको पुरुष भलिबलको फ्रेन्चाइज नेपाल भलिबल लिग (एनभिएल) को ट्रफी सार्वजनिक गरिएको छ।

ललितपुरस्थित पाटन दरबार स्क्वायरमा आइतबार एक कार्यक्रमबिच ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले ट्रफी सार्वजनिक गरेका थिए। एनभिएलको प्रमुख कार्यकारी अधिकृत डा. सन्तोष उपाध्याय र एनभिएलका सिओओ विकास खेतान पनि कार्यक्रममा उपस्थित थिए। उक्त ट्रफी प्रसिद्ध मूर्तिकार रवि शाक्य (टम एन्ड जेरी) ले ट्रफी निर्माण गरेका हुन्। एनभिएल ट्रफीको अवधारणा र डिजाइन डा. उपाध्यायको हो। एनभिएलको पहिलो संस्करण भदौ १९ देखि २७ गतेसम्म त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा हुने तयारी छ। केडिया ग्रुपको आयोजनामा एनभिएल हुँदै छ। आइतबार नै ट्रफीलाई दुई ऐतिहासिक स्थल भक्तपुर दरबार र वसन्तपुर दरबार स्क्वायरमा पनि परिक्रमा गरिएको थियो। सुनको जलप लगाएको ट्रफीमा नेपालको पहिचान र गौरवका प्रतीकलाई समावेश छन्।

करिब १३.५ किलो तौल रहेको ट्रफीमा आठको प्रतीकात्मक सम्बन्धबाट १०८ को आध्यात्मिक महत्व पनि जोडिएको छ। ट्रफीले नेपालको डिएनए बोकेको आयोजकको दाबी छ। हिमालदेखि तराईसम्मका प्राकृतिक विविधता, संस्कृति, सम्पदा र आध्यात्मिकतालाई कलात्मक रूपमा ट्रफीमा समेटिएको छ। ट्रफीमा नेपालका आठ हजार मिटरभन्दा अग्ला आठ चुचुरा र शिखरमा अष्टमंगल छन्। गणेश हिमालको मौलिक क्वार्ट्ज क्रिस्टलले यसलाई हिमालसँग प्रत्यक्ष जोडेको छ। कुल ६ वटा फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्दैछन्। खप्तड फाल्कन्स, मधेश वारियर्स, सगरमाथा स्म्यासर्स, काठमाडौं रेड्स, अन्नपूर्ण स्पाइकर किंग्स र कर्णाली शिवराजले पहिलो प्रतिस्पर्धा गर्दैछन्। गत साउन १० गते घरेलु खेलाडीको अक्सन पनि भइसकेको छ। उक्त अक्सनबाट ६ टोलीले कुल ४२ खेलाडी खरिद गरेका छन्। अक्सनमा १२९ खेलाडी राखिएको थियो।

अन्तिम समयमा दुई खेलाडीले नाम फिर्ता लिए। हरेक टिमले क्याटगोरी 'ए' का चार खेलाडी लिनैपर्ने थियो। ६ टिममा ए क्याटगोरीका ५४ मध्ये २४ खेलाडी बिक्री भए। हरेक टिमले समान तीन गरी कुल १८ विदेशी खेलाडी अनुबन्ध गर्नेछन्। सबै टोलीले एक खेलाडी ट्यालेन्ट हन्टबाट लिनुपर्नेछ। केडिया ग्रुपले पहिलोपल्ट फ्रेन्चाइज लिग गर्न २०८१ जेठमै सम्झौता गरेको थियो। तर, विभिन्न कारण देखाउँदै प्रतियोगिता समयमै हुन सकेको थिएन।

# एसियाड खेल्ने जुडो टोलीलाई प्रोत्साहन

काठमाडौं, भदौ ७ (नागरिक)- जापानमा तय २०औं एसियाली खेलकुदमा सहभागी हुने जुडो टोलीलाई सिटी स्क्वायर मल सामाखुशीले प्रोत्साहन स्वरूप नगद प्रदान गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आइतबार सिटी स्क्वायरका प्रतिनिधि रवि स्यावाले ६ खेलाडी र एक प्रशिक्षकलाई जनही ७ हजार नगद हस्तान्तरण गरे। स्यावाले सानो सहयोगले पनि खेलाडीको मनोबल बढाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्दै खेलाडीलाई सफलताका लागि शुभकामना दिए। एसियाडका लागि जुडो टोलीका टिम व्यवस्थापक नेपाल जुडो संघका उपाध्यक्ष रमेश महर्जनले सहयोगका लागि धन्यवाद दिए। जापानको आइची/नागोयामा असोज ३ गतेदेखि सुरु हुने एसियाडमा जुडोबाट समान तीन पुरुष/महिला खेलाडीले नेपालको चुनौती पेश गर्नेछन्। पुरुष ६० केजीमुनि विकास विक, ६६ केजीमुनि विशेष विक र ९० केजीमुनि सुजन गुरुङले प्रतिस्पर्धा गर्नेछन्।

महिला ५२ केजीमुनि देवकीमाया श्रेष्ठ, ४८ केजीमुनि निशा श्रेष्ठ र ७० केजीमुनि पुनम श्रेष्ठ सहभागी हुनेछन्। देवकी र विकासको दोस्रो एसियाड सहभागिता हो। बाँकीले पहिलोपटक एसियाड खेल्न लागेका हुन्। देवकी र निशा दिदीबहिनी तथा विकास र विशेष दाजुभाइ हुन्। प्रशिक्षकमा सुनिता मगर ताम्राकार छिन्।

# चैत २० गतेदेखि १४औं साग हुने

पाकिस्तानको इस्लामाबादमा दक्षिण एसियाली ओलम्पिक काउन्सिल (एसएओसी) को दुई दिने बैठकले यसै वर्षको अन्तमा १४औं साग गर्ने निर्णय गरेको छ। यसपल्ट कुल २८ खेल विधामा प्रतिस्पर्धा हुने भएको छ। कुल ३४६ विधाका लागि समान ३४६ स्वर्ण, रजत र ५१५ कांस्य पदकका लागि प्रतिस्पर्धा हुने तयारी छ।




काठमाडौं, भदौ ७ (नागरिक)- दक्षिण एसियाली राष्ट्रले प्रतिस्पर्धा गर्ने दक्षिण एसियाली खेलकुद (साग) को १४औं संस्करण पाकिस्तानमा आगामी चैत २० देखि २८ सम्म हुने भएको छ।

पाकिस्तानको इस्लामाबादमा दक्षिण एसियाली ओलम्पिक काउन्सिल (एसएओसी) को दुई दिने बैठकले यसै वर्षको अन्तमा १४औं साग गर्ने निर्णय गरेको हो। यसपल्ट कुल २८ खेल विधा प्रतिस्पर्धा हुने भएको छ। ३४६ विधाका लागि ३४६ स्वर्ण, ३४६ रजत र ५१५ कांस्य पदकका लागि प्रतिस्पर्धा हुने तयारी छ। १४औं दक्षिण एसियाली खेलकुद (साग) पाकिस्तानका तीन सहरमा लाहोर, इस्लामावाद र फैसलावाद हुने भएका छन्। आयोजक पाकिस्तानसहित नेपाल, भारत, श्रीलंका, बंगलादेश, भुटान र माल्दिभ्स गरी सात राष्ट्रले प्रतिस्पर्धा गर्नेछन्। यद्यपि, पछिल्ला वर्ष भारतले पाकिस्तानमा आयोजना हुने कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने गरेको छैन। त्यसैले यसपल्ट १४औं सागमा पनि भारतको सहभागिता अझै निश्चित नहुन सक्छ।

तर आयोजकले मिति तय गरिसकेको छ। आवश्यक पर्दा सञ्चालन र व्यवस्थापनका लागि आयोजकलाई एक सातासम्म समय समायोजन गर्न सकिने व्यवस्था प्रदान गरिएको छ। पाकिस्तानले तेस्रो पटक दक्षिण एसियाली खेलकुद (साग) आयोजना गर्न लागेको हो। यसअघि उसले सन् १९८९ र २००४ मा इस्लामाबादमा सागको आयोजना गरेको थियो। १४औं सागमा एथलेटिक्स, पौडी, तेक्वान्दो, क्रिकेट, फुटबल, बक्सिङ, ब्याडमिन्टन, कराते, कबड्डी, भलिबल र भारोत्तोलनलगायत २८ खेल समावेश गरिएको छ। साथै आर्चरी, बास्केटबल (३×३) र (५×५), बिलियर्ड्स तथा स्नुकर, फेन्सिङ, गल्फ, ह्यान्डबल र बिच ह्यान्डबल, हक्की, जुडो, रोइङ, रग्बी, सुटिङ, स्क्वास, टेबल टेनिस, टेनिस, ट्रायथलन, बीच भलिबल, कुस्ती र उसु खेल पनि छन्।

दक्षिण एसियाली क्षेत्रीय खेलकुदको सबैभन्दा ठूलो प्रतियोगिता मानिने साग सन् २०१९ मा नेपालमा सम्पन्न भएको थियो। इस्लामाबादमा भएको बैठकमा नेपाली खेलकुदको कार्यकारी निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप) प्रतिनिधि र अन्तर्राष्ट्रिय समन्वयन गर्ने नेपाल ओलम्पिक कमिटी (एनओसी) को प्रतिनिधिसहित नेपाली टोली पनि सहभागी छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) को तर्फबाट कार्यकारी समितिकी सदस्य सिक्का सुवाल श्रेष्ठ दक्षिण एसियाली ओलम्पिक काउन्सिल (एसएओसी) को बैठकमा सहभागी थिइन्। एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठ र एनओसीका उपाध्यक्ष चतुरानन्द राजवैद्यले सो बैठकमा सहभागिता जनाएका थिए।

# करातेका पदक विजेता सम्मानित




काठमाडौं, भदौ ७ (नागरिक)- बंगलादेशको ढाकामा भएको १०औं दक्षिण एसियाली कराते च्याम्पियनसिपमा पदक जित्न सफल खेलाडीलाई सम्मान गरिएको छ।

तेजस्वी एकेडेमीका कराते खेलाडीको ग्रेडिङको समापन कार्यक्रममा पदक विजेतालाई सम्मान गरिएको हो। सन् २०२६ को जुलाई १५ देखि १९ तारिखसम्म भएको दक्षिण एसियाली करातेको विभिन्न स्पर्धामा मीनबहादुर तामाङले स्वर्ण, सुविन सुनारले रजत तथा अनु मुक्तान तामाङ, रेगन घले र नोर्विन गजुरेलले कांस्य जितेका थिए। मीनलाई कराते प्रशिक्षक महेश महर्जनले प्रोत्साहन स्वरूप व्यक्तिगत पाँच हजार रुपैयाँ नगद पुरस्कार पनि प्रदान गरे। मीन जापानमा हुने २०औं एसियाली खेलकुदका लागि छनोट भएका खेलाडी हुन्।

सोही अवसरमा १६औं केन्द्रीय राष्ट्रपति रनिङ सिल्डअन्तर्गत एथलेटिक्समा पदक जितेका तेजस्वीका विद्यार्थी नीरज शाह पनि सम्मानित भए। ग्रेडिङमा ७० खेलाडी सहभागी थिए। त्यसमध्ये मिचेल घले उत्कृष्ट खेलाडी घोषित भइन्। सशस्त्र प्रहरीका एसएसपी जहरसिंह बुढा मगर, तेजस्वीका प्रिन्सिपल थिरबहादुर बस्नेत र तार्केश्वर नगरपालिका खेलकुद विकास समितिका अध्यक्ष विक्रम खड्गीलगायतले खेलाडीलाई सम्मान गर्नुका साथै ग्रेडिङमा सहभागीलाई प्रमाणपत्र प्रदान गरेका थिए।




नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाडौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

## धितो सूरक्षणमा रहेको चल/अचल सम्पत्तिहरूको गोप्य शिलबन्दीद्वारा लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति २०८३/०५/०८

यस बैंकको विभिन्न शाखाहरुबाट ऋण/कर्जा लिनु हुने तपसिलको ऋणीहरुले लिएको ऋण/कर्जाको साँवा, ब्याज र अन्य दैदस्तूर बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा बैंकलाई तिर्न बुझाउन लिखित एवं मौखिक तरताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी बैंकलाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुंदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बैंकको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित सम्पत्ति (चल/अचल) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। तोकिएको समयभित्र बैंक समक्ष प्राप्त बोलपत्रहरु मिति २०८३/०६/१४ गते, दिनको ३:०० बजे बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ कथम कदापि उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट बोलपत्रहरु खोलिनेछ। उक्त दिन र समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण वापत बैंकको नाममा घर/जग्गा धितोबन्धक पारित गरिदिनुहुने धितो धनी तथा ऋण कर्जाको जमानी दिनुहुने तपसिलका उल्लेखित व्यक्तिहरु लगायत ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि सूचना प्रकाशित गरिएको जानकारी गराउँदछौं। बोलपत्र फारम यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं तथा शाखा कार्यालयहरुबाट रु. १०००.०० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ। बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।

### तपसिल

#### शाखा कार्यालय : बर्दिवास, महोत्तरी

**कर्जा शिर्षक : क्यास क्रेडिट (एम.एस.एम.ई.)**

**ऋणी**

**नाम : नेपाल मोटर पार्टर्स सेन्टर**
दर्ता नं. २६५/११९/०६४/०६५, दर्ता मिति : २०६५/०१/३०
रजिष्टर्ड ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स. वडा नं. ३

**जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. नाम : मकसुद आलम**<br>ना.प्र.नं. १७३०९६/११०५ धनुषा, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/१३ मा जारी भई मिति २०७६/०७/२७ मा प्रथम प्रतिलिपि जारी<br>बाबुको नाम : मुस्तफा अन्सारी<br>बाजेको नाम : महम्द अंसारी<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ | **२. नाम : सबिना खातुन**<br>ना.प्र.नं. १६०३२२०४०, जि.प्र.का. पर्सा<br>जारी मिति : २०५२/०९/०९<br>पतिको नाम : मकसुद आलम<br>ससुराको नाम : मुस्तफा अन्सारी<br>स्थायी ठेगाना : पर्सा जिल्ला, बिरगंज न.पा. वडा नं. १७<br>हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ |

**धितोको विवरण**

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश जिल्ला : महोत्तरी

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विगाहा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| २५ नं. बहादुर गञ्ज | बर्दिवास | ३ | १४ | मकसुद आलम | १५१८ | ०-०-५-० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत। |
| | | | | | २३३८ | ०-०-८-० | |

#### शाखा कार्यालय : बिराटनगर, मोरङ

**कर्जा शिर्षक : अधिविकर्ष कर्जा**

ऋणीहरु : वुलवुल यादव, सुलोचना कुमारी र डोमी यादव

**जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. नाम : वुलवुल यादव**<br>ना.प्र.नं. ४९८८३५९०, जि.का. सप्तरी<br>जारी मिति : २०४३/०४/२२<br>बाबुको नाम : डोमी यादव, बाजेको नाम : बुदाई यादव<br>स्थायी ठेगाना : सप्तरी जिल्ला, मधेपुरा गाउँ पञ्चायत वडा नं. ८<br>हालको ठेगाना : मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. १४ | **२. नाम : सुलोचना कुमारी**<br>ना.प्र.नं. १०२६१३९६, जि.का. सप्तरी<br>जारी मिति : २०४४/१२/०१<br>पतिको नाम : वुलवुल यादव, ससुराको नाम : डोमी यादव<br>स्थायी ठेगाना : सप्तरी जिल्ला, वथनाहा गाउँ पञ्चायत वडा नं. १<br>हालको ठेगाना : मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. १४ |

**३. नाम : डोमी यादव**
ना.प्र.नं. ४९८८०८१५, जि.प्र.का. सप्तरी, जारी मिति : २०६०/०४/१४
बाबुको नाम : बुदाई यादव, बाजेको नाम : मितो यादव
स्थायी ठेगाना : सप्तरी जिल्ला, मधेपुरा गा.वि.स. वडा नं. ८, हालको ठेगाना : मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. १४

**धितोको विवरण**

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : कोशी, जिल्ला : मोरङ

| गा.वि.स./न.पा./म.न.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (बिगाहा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| ज.क. | बिराटनगर | १ | २ | सुलोचना कुमारी | २३४६ | ०-०-१०-० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत। |

#### शाखा कार्यालय : जनकपुर, धनुषा

**कर्जा शिर्षक : क्यास क्रेडिट (एमएसएमई) कर्जा**

**ऋणी**

**नाम : नेपाल आलु भण्डार**
दर्ता नं. प्रा.फ.र.नं. ११३१७/२०५७/२०७४/०७५, दर्ता मिति : २०७५/०२/२९
रजिष्टर्ड ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७, **प्रोप्राईटर : धर्वेन्द्र साह**

**जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. नाम : धर्वेन्द्र साह**<br>ना.प्र.नं. ३९६९४२२६, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५३/०६/२२ मा जारी भई मिति २०७१/०३/०४ मा प्रथम प्रतिलिपी जारी<br>बाबुको नाम : महेन्द्र साह सुडी<br>बाजेको नाम : नन्द लाल साह सुडी<br>स्थायी ठेगाना : धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ७<br>हालको ठेगाना : धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. ७ | **२. नाम : गीता देवी**<br>ना.प्र.नं. १७३१०२/क ४९३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१२/०१<br>पतिको नाम : धर्वेन्द्र साह<br>ससुराको नाम : महेन्द्र साह सुडी<br>स्थायी ठेगाना : धनुषा जिल्ला, जनकपुर गा.वि.स./ उ.म.न.पा. वडा नं. ७<br>हालको ठेगाना : धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. ७ |
| **३. नाम : महेन्द्र साह सुडी**<br>ना.प्र.नं. ३९६९८५४६, जि.प्र.का. धनुषा<br>जारी मिति : २०३६/०१/२३ मा जारी भई मिति २०५३/०६/२८ मा पहिलो प्रतिलिपि जारी<br>बाबुको नाम : नन्द लाल साह सुडी<br>बाजेको नाम : बद्रि साह<br>स्थायी ठेगाना : धनुषा जिल्ला, जनकपुर नगरपंचायत वडा नं. ६<br>हालको ठेगाना : धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. ७ | **४. नाम : मनटुटिया देवी सुडीन**<br>ना.प्र.नं. ३९६९८५४७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०३३/०१/०२ मा जारी भई मिति २०७४/१२/१८ मा पहिलो प्रतिलिपि जारी<br>पतिको नाम : महेन्द्र साह सुडी<br>ससुराको नाम : नन्द लाल साह सुडी<br>स्थायी ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. /गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. ७ |

**धितोको विवरण**

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : धनुषा

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| कुर्था | जनकपुरधाम | ९ | २१ | मनटुटिया देवी सुडीन | ९९१ | ०-०-७-० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत। |

नेपाल आलु भण्डारको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

#### शाखा कार्यालय : धरान, सुनसरी

**कर्जा शिर्षक : कोष तथा गैह्र कोषमा आधारित विविध कर्जाहरू**

**ऋणी**

**नाम : शुशिल स्टोर्स**
दर्ता नं. ३२७/०६४/०६५, दर्ता मिति : २०६४/०८/१४
रजिष्टर्ड ठेगाना : सुनसरी जिल्ला, दुहवी न.पा. वडा नं. ७ (साविक आदर्श दुहवी गा.वि.स. वडा नं. ७)
**प्रोप्राईटर : किसन कुमार अग्रवाल**

**जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. नाम : किसन कुमार अग्रवाल**<br>ना.प्र.नं. ०६३००९/३६३, जि.प्र.का. सुनसरी<br>जारी मिति : २०६३/१०/०८<br>बाबुको नाम : तुलसी राम अग्रवाल<br>बाजेको नाम : टिकु राम अग्रवाल<br>स्थायी ठेगाना : सुनसरी जिल्ला, दुहवी गा.वि.स. वडा नं. ७<br>हालको ठेगाना : सुनसरी जिल्ला, दुहवी न.पा. वडा नं. ७ | **२. नाम : रेखा देवि अग्रवाल**<br>ना.प्र.नं. ०६१००९/७६८२, जि.प्र.का. सुनसरी<br>जारी मिति : २०६९/०३/०७<br>पतिको नाम : किसन कुमार अग्रवाल<br>ससुराको नाम : तुलसी राम अग्रवाल<br>स्थायी ठेगाना : सुनसरी जिल्ला, दुहवी गा.वि.स. वडा नं. ७<br>हालको ठेगाना : सुनसरी जिल्ला, दुहवी न.पा. वडा नं. ७ |

**धितोको विवरण**

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : कोशी, जिल्ला : सुनसरी

| न.पा./गा.वि.स./गा.पा. | वडा नं. | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| दुहवी | ७ | किसन कुमार अग्रवाल | ५० | ०-०-१९१/२ | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत। |
| दुहवी | ३ | किसन कुमार अग्रवाल | ८४९ | ०-०-१०-० | |

**सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.**
जनकपुर, धनुषा ०४१-५९०२६०, धरान, सुनसरी ०२५-५३५३७०
बर्दिबास, महोत्तरी ०४४-५५०५१०, बिराटनगर, मोरङ ०२१-५९००३६

नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी